# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)
पोष्ट बक्स नं. ८१२, बालाजु, काठमाडौं
फोन नं.: ४९५०८४९, ४९५०५२३, ४९५३१३३, ४९५१३६९, ४९५१२२४, ४९५०२७४
Website: www.idm.org.np, e-mail: info@idm.org.np



# २८ औं
# वार्षिक प्रतिवेदन-२०८३
## आर्थिक वर्ष २०८२/२०८३

# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
## सञ्चालक समिति



**बाबुराम पन्त**
अध्यक्ष
पोखरा महानगरपालिका-१७, कास्की



**उदयराज भट्टराई**
सदस्य
(उपसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय)



**सुदिश कुमार अर्याल**
सदस्य
(उपसचिव, अर्थ मन्त्रालय)



**अनुप ढुङ्गाना**
सदस्य
(सि.डि.ई., उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय)



**एजाज आलम**
सदस्य
(अध्यक्ष, नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघ)



**पदम ओली**
महाप्रबन्धक



**वासुदेव सोडारी**
वरिष्ठ अधिकृत/कम्पनी सचिव

# २७औं वार्षिक प्रतिवेदन

(२०८३ असार २६ गते, शुक्रबार)

# आर्थिक वर्ष २०८२/२०८३


औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

पोष्ट बक्स नं. ८१२, बालाजु, काठमाडौं

फोन नं.: ४९५०८४९, ४९५०५२३, ४९५३१३३, ४९५१३६९, ४९५१२२४, ४९५०२७४

website: www.idm.org.np

## नोट

# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको
# २७औं साधारण सभामा लिमिटेडका सञ्चालक समितिका
# अध्यक्षको मन्तव्य

आदरणीय शेयरधनी महानुभावहरु,

यस लिमिटेडको गौरवमय २७औं वार्षिक साधारणसभामा उपस्थित आदरणीय शेयरधनी महानुभावहरु, यस सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका नियमनकारी निकायका प्रतिनिधिज्यूहरु, लिमिटेडका बाह्य लेखापरीक्षकज्यू, संञ्चालक समितिका सहकर्मी साथीहरु, महाप्रवन्धकज्यू, कम्पनीका निर्देशकज्यू, उपनिर्देशकज्यू सहायक निर्देशकज्यू, लिमिटेडका सहकर्मी कर्मचारीहरु, पत्रकारज्यूहरु तथा उपस्थित महानुभावहरुलाई यस साधारण सभामा सञ्चालक समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु।

आज यस सम्मानित सभामा उपस्थित हुनु भएका आदरणीय शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित महानुभावहरु समक्ष लिमिटेडको आ.व.२०८१/०८२को वार्षिक वासलात तथा सो एवं सम्वन्धित नाफा नोक्सानीको विवरण लगायतका उपलब्धी समेतको समिक्षात्मक विवरण पेस गर्न पाउदा गौरवान्वित महसुस गरेको छु। विगतका दिनहरुमा लिमिटेड र उद्योग विचमा रहेको जमिन बहाल सम्वन्धी विवादका कारण आ.व. २०७९/०८०,२०८०/०८१ र २०८१/०८२ को वित्तीय विवरणहरुमा देखिएको आम्दानी तथा मुनाफाका विवरण मिति २०८३ आषाढ ४ गतेको सर्वोच्च अदातलको फैसलाबाट संशोधन तथा परिमार्जन गर्नु पर्ने अवस्था आएको छ । लिमिटेडले उल्लेखित वर्षहरुमा जमिन बहाल वापत जनाएको आम्दानीलाई आ.व. २०८२/८३ मा सर्वोच्च अदालतको उल्लेखित मितिको अन्तिम फैसलाले आम्दानी रिभर्स गर्नु पर्ने अवस्था सिर्जना गरेको हुँदा यो वर्षसम्मको संचित मुनाफाबाट शेयरधनीहरुलाई लाभांस वितरण गर्न सकिने अवस्था भएन । तर पनि आगामी वर्ष शेयरधनीहरुलाई लाभांस वितरण गर्न लिमिटेड सक्षम हुने विश्वास दिलाउन चाहन्छु। विगतमा आम्दानी जनाएको तर यो वर्ष आम्दानी फिर्ता गर्नु पर्ने विवरण संचालक समितिको प्रतिवेदनमा समावेश गरिएको छ।

लिमिटेडको स्थापनाकालदेखि नै उद्योगी र लिमिटेड विचमा उत्पन्न हुने गरेको जमिन बहाल वृद्धि सम्वन्धी विवादलाई सधैको लागि अन्त्य गर्न स्वाचालित बहाल बृद्धि व्यवस्था कार्यान्वयनमा ल्याएको छ। सर्वोच्च अदालतको परमादेश बमोजिम मिति २०८३ श्रावण १ गते देखि लागु हुने गरी जमिन बहाल वृद्धि गर्ने गरी स्वाचालित व्यवस्थाको आधारमा भाडादर सिफारिस गर्न उपसमिति गठन भएको छ र त्यो उपसमितिले प्रतिवेदन दिनसाथ सञ्चालक समितिबाट नयाँ भाडादर कायम हुनेछ। यसबाट अव उप्रान्त जमिन बहाल सम्वन्धी विवाद गर्न उद्यमी तथा उद्योग संगठनहरुलाई कानूनी व्यवहारिक तथा नैतिक स्थान रहने छैन। जसको कारण लिमिटेड निरन्तर अगाडी बढ्न सहज हुनेछ । विगतका दिनहरुमा रुग्ण रहेका भौतिक पूर्वाधारहरु निर्णय गर्न प्रयाप्त साधन र स्रोत नभई रहेको अवस्थाले प्रयाप्त काम हुन सकेको थिएन तर यो व्यवस्था कायम भएपछि पूर्वाधार निर्माणकोको समस्या समाधान हुनेछ । अत लिमिटेड आफ्नै श्रोतको र साधनबाट पुराना औद्योगिक क्षेत्रको भौतिक पूर्वाधार सुधार तथा नयाँ औद्योगिक क्षेत्रको चरणबद्ध विकास गर्न सक्षम र सबल हुनेछ।

अन्तमा पेस भएका सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकबाट पेस भएका आर्थिक प्रतिवेदनहरुमा समिक्षात्मक छलफल गरी अनुमोदन को लागि आग्रह गर्दछु। यस गरिमामय साधारण सभामा उपस्थितिको लागि यहाँहरुलाई पुनः स्वागत तथा धन्यवाद ज्ञापन गर्दछु।

बाबुराम पन्त
अध्यक्ष
सञ्चालक समिति

# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

बालाजु, काठमाडौं

| क्र.सं. | विषय सूची | पृष्ठ नं. |
|---|---|---|
| १. | साधारण सभा सम्बन्धी सूचना | |
| २. | सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन | १ |
| ३. | कम्पनी ऐन, २०६३ को दफा ७८ सम्बन्धी विवरणहरु | १७ |
| ४. | लेखापरीक्षकको प्रतिवेदन | २५ |
| ५. | २०८२ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण, नाफा नोक्सान हिसाब, नगद प्रवाह, इक्विटीमा भएको परिवर्तन तथा सो सँग सम्बन्धित अनुसूचीहरु | २९ |

# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

**(नेपाल सरकारको स्वामित्व भएको)**

**बालाजु, काठमाण्डौ।**

## २७औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति:२०८३।३।४**

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, सञ्चालक समितिको मिति २०८३।२।२८ गते बसेको १८औं बैठकको निर्णयानुसार लिमिटेडको २७औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गर्न बस्ने भएकोले सबै शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु।

### वार्षिक साधारण सभा हुने

मिति: २०८३ असार २६ गते, शुक्रबार ।
समय:अपरान्ह ३:३० बजे ।
स्थान: लिमिटेडको केन्द्रीय कार्यालय, बालाजु, काठमाण्डौ ।

### छलफल हुने प्रस्तावहरु:

१. साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षले पेस गरेको प्रतिवेदन पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोहीमितिमा समाप्त आ.व.२०८१।०८२ सम्मको नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण एव सम्बन्धी अनुसूचीहरु पारित गर्ने।
३. आ.व.२०८१।०८२ को मुनाफाबाट प्रस्तावित नगद लाभांश पारित गर्ने।
४. आ.व.२०८२।०८३को वित्तीयतथा कर लेखापरीक्षण गर्नका लागि महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तिको लागि परामर्श भई आएका लेखापरीक्षकलाई लेखापरीक्षकमा नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने।
५. विविध।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

(कम्पनी दर्ता नं.१६९/०४४।४५)

# २७औं वार्षिक साधारणसभामा प्रस्तुत

## सञ्चालक समितिको प्रतिवेदन

(कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसार)

आर्थिक वर्ष २०८१/८२

श्री शेयरधनी महानुभावहरु,

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको २७औं वार्षिक साधारणसभामा भाग लिन आउनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक/समिति र मेरो तर्फबाट समेत हार्दिक स्वागत गर्दछु। यस लिमिटेडको प्रबन्ध-पत्र तथा नियमावलीले निर्देशित गरेबमोजिम लिमिटेडले नेपाल सरकारको औद्योगिक नीति अनुरुप मुलुकभित्र स्थापना गरिने उद्योगहरुलाई आवश्यक पर्ने जमिन, सडक, ढल, पानी, बिजुली जस्ता आधारभूत सुविधाहरु उपलब्ध गराउने साथै औद्योगिक क्षेत्रहरुको सम्भाव्यता अध्ययन, संस्थापना, विकास, व्यवस्थापन, प्रवर्द्धन गरी देशको औद्योगिकरणमा योगदान पुर्‍याउने कार्य गर्दै आएको छ ।

विगतमा विविध कारणहरुले गर्दा कम्पनी ऐनमा उल्लेखित अवधिभित्र साधारणसभा सम्पन्न हुन नसकेको कटु यथार्थलाई मनन्रु गर्दै २७औं साधारणसभा आ.व.२०८१/८२को तोकिएको समयभित्र (२०८२ पौष मसान्तभित्र) सम्पन्न गर्ने प्रयास गरिएको र लेखापरीक्षकको प्रतिवेदन समय मै प्राप्त भएता पनि लिमिटेडको जग्गा बहाल वृद्धि सम्वन्धमा सर्वोच्च अदालतबाट मिति २०८१/१२/१२ भएको केही उल्टी फैसलाको पूर्ण पाठ प्राप्त हुने समयमा जेन्जी आन्दोलन भई सर्वोच्च अदालतमा समेत आगलागी भई आगजानी भएको कारणले ढिला गरी मिति २०८२/९/१३ गते फैसलाको पूर्ण पाठ लिमिटेडमा प्राप्त भएको सो फैसलाका सम्बन्धमा लिमिटेड संचालक समितिको मिति २०८२/९/२५गते बसेको बैठकले सर्वोच्च अदालतको केही उल्टी फैसलाका कारण लिमिटेडको चार आर्थिक वर्षको जग्गा बहालमा नोक्सानी भएकोले सर्वोच्च अदालतको फैसला उपर पुनरावलोकन गर्ने निर्णय भई सोही बमोजिम अदालतमा निवेदन दर्ता भएको छ । पुनरावलोकन दर्ता भई हालसम्म विचाराधिन अवस्थामा रहेकोर निस्सा प्राप्त नहुँदा आम्दानी रिभर्स गर्नु पर्ने हुन सक्ने भएकोले वित्तीय विवरणहरु परिमार्जन हुन सक्ने देखिएको हुँदा द्विविधा भएको र सो सम्वन्धमा हालसम्म निस्सा सम्वन्धीको निर्णय कुरेको कारण साधारण सभा समयमा हुन नसकेको व्यहोरा जानकारी गराउँदछु । लेखापरीक्षण ऐन, २०७५ को दफा ११ बमोजिम महालेखापरीक्षकको कार्यालयको मिति २०८०।१०।२६को निर्णयानुसार लेखापरीक्षक नियुक्तिको लागि परामर्श भइ आएका लेखापरीक्षकद्वय सि.ए. अनुज नेपाल र सि.ए. गंगाराम बस्नेतलाई मिति २०८१।१०।२८ गते सम्पन्न यस लिमिटेडको २६औं साधारण सभाद्वारा आ.व. २०८१।०८२को वित्तीय तथा कर लेखापरीक्षण गर्न नियुक्त गरिएको थियो। लेखापरीक्षकद्वारा लेखापरीक्षण सम्पन्न गरी मिति २०८२।९।३०मा शेयरधनी महानुभावहरुलाई सम्बोधन गरी लेखापरीक्षकको अन्तिम प्रतिवेदन पेस भएको छ। यसैसाथ संलग्न सो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय अवस्थाको विवरण, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरणलगायत सोसँग सम्बन्धित अनुसूचीहरु अनुमोदनका लागि सभासमक्ष पेस गरेको छु।

**औद्योगिक क्षेत्रको विगत र वर्तमान संक्षेपमाः**

उपलब्ध श्रोत साधनको उच्चतम उपयोग गरी उत्पादकत्व वृद्धि, रोजगारी सृजना, निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापनबाट मुलूकको क्षेत्रिय सन्तुलन कायम राख्दै अर्थतन्त्रको बिकास गरी देशलाई औद्योगिकरण तर्फ डोह्र्याउने उद्देश्यले उद्योगको स्थापना, विकास, विस्तारको लागि आवश्यक पर्ने विकसित जमिन, भवन, विद्युत, पानी, बैकिङ्ग तथा हुलाक सेवा जस्ता पूर्वाधारहरु एकैथलोमा उपलब्ध गराउने गरी नेपाल सरकार र विदेशी मित्र राष्ट्रको सहयोगमा वि.सं. २०१६ सालदेखि २०४५ सम्म देशका विभिन्न स्थानमा ११ वटा औद्योगिक क्षेत्रहरु स्थापना भएका छन । जसमध्ये धनकुटा औद्योगिक क्षेत्र हाल घरेलु तथा साना उद्योग विकास समितिलाई हस्तान्तरण भएको छ । वि.सं. २०३१ सालभन्दा अगाडि स्थापना भएका औद्योगिक क्षेत्रहरु नेपाल सरकार, उद्योग मन्त्रालयबाट सञ्चालन तथा व्यवस्थापन हुदै आएको थियो । वि.सं. २०३१ मा विकास समिति ऐन अन्तर्गत औद्योगिक सेवा केन्द्रको गठन भएपछि देशका सबै औद्योगिक क्षेत्रहरुको व्यवस्थापन र सञ्चालन गर्ने जिम्मा सोही केन्द्रबाट भएको थियो । औद्योगिक क्षेत्रहरु सञ्चालनको लागि आवश्यक पर्ने रकम नेपाल सरकारबाट अनुदानको रुपमा प्राप्त हुने गरेको थियो । वि.सं. २०४५मा एउटा स्वायत्त संस्थाको रुपमा कम्पनी ऐन, २०२१ अन्तर्गत औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको गठन भएपछि नेपाल सरकारबाट अनुदान प्राप्त हुन छाडेको र जमिन तथा भवन भाडा, विद्युत वितरण, पानी वितरणबाट हुने आम्दानीबाट नै औद्योगिक क्षेत्रहरुको सञ्चालन र व्यवस्थापन भइरहेको छ । लिमिटेडको कार्य प्रकृति सेवा प्रदान गरी उद्योग प्रवर्द्धन गर्ने भएतापनि कम्पनी मोडेलमा रुपान्तरण भएपश्चात औद्योगिक क्षेत्रहरुको सञ्चालनको लागि आवश्यक रकम क्षेत्रभित्र सञ्चालित उद्योगहरुबाट प्राप्त हुने प्रवर्द्धनात्म कदरको जमिन तथा भवन बहाल रकम र अन्य महसुल रकमबाट हुनु पर्ने भएकोले औद्योगिक क्षेत्रमा रहेका करिब ६३ वर्ष पुराना जिर्ण पूर्वाधारहरुको समय मै स्तरोन्नती गरी सेवालाई प्रभावकारी बनाउने कार्यमा थप चुनौती थपिएको छ। औद्योगिक क्षेत्रको स्थापनाको समयमा निर्माण गरिएका औद्योगिक भवन तथा गोदाम भवनहरुको उचित मर्मत सम्भार हुन सकेको छैन। हाल १० वटा औद्योगिक क्षेत्रहरु सञ्चालनमा रहेका छन् भने वि.सं. २०७२ सालमा नेपाल सरकारले एक प्रदेशमा कम्तिमा १००० विगाहाको एक औद्योगिक क्षेत्र स्थापना गर्ने नीति अनुरुप ७ वटा औद्योगिक क्षेत्रहरु घोषणा भई ५ वटाको शिलान्यासमेत भइसकेका छन्। नेपाल सरकारबाट नयाँ औद्योगिक क्षेत्रको विकासका लागि शेयर पुँजीको रुपमा बजेट प्राप्त हुँदै आएकोमा नेपाल सरकारद्वारा आ.व. २०७८/७९, २०७९/०८० र २०८०/८१मा बजेट विनियोजन भएकोमा निकासाको लागि नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग अनुरोध गरिएकोमा विनियोजित बजेट अनुसार निकासा प्राप्त नभएको व्यहोरा शेयरधनी महानुभावहरुसमक्ष जानकारीका लागि अनुरोध गर्दछु।

औद्योगिक क्षेत्रको व्यवस्थापन र सञ्चालनलाई पारदर्शी तथा प्रभावकारी बनाई उद्योगलाई पूर्ण क्षमतामा सञ्चालन हुने वातावरण निर्माण गर्न कम्पनीले आफ्ना कार्यहरु गर्दै आएको छ। दिगो र गुणस्तरीय औद्योगिक पूर्वाधार विकास, उद्योग सञ्चालनका लागि सहज र उद्योगमैत्री वातावरण सिर्जना, सम्भावित औद्योगिक क्षेत्रको पहिचान, विकास र विस्तारलाई लिमिटेडले सदैव उच्च प्राथमिकतामा राखेको छ। साथै, उद्योगहरुको नियमित सञ्चालन, बन्द भएका उद्योगहरु पुनः सञ्चालन र खाली रहेका जग्गा तथा भवनमा नयाँ उद्योगहरुको सञ्चालनमा लिमिटेडले सहजिकरण गर्दै आएको छ।

**१. विगत वर्षको कारोवारको सिंहावलोकनः**

(क) उद्योग स्थापना तथा सञ्चालनको लागि आवश्यक पर्ने सुविधा तथा आधारभूत सेवाको विकास, नियन्त्रण, व्यवस्थापन र प्रवर्द्धन गर्ने, नयाँ औद्योगिक क्षेत्रहरुको सम्भाव्यता अध्ययन गर्ने र औद्योगिक क्षेत्रहरुमा लगानीयोग्य परियोजना सम्बन्धी जानकारी सम्प्रेषण गर्ने उद्देश्यले मुलुकको विभिन्न स्थानमा स्थापना भएका औद्योगिक पूर्वाधारयुक्त औद्योगिक क्षेत्रबाट उत्पादनमुलक उद्योगलाई सडक तथा ढल, विद्युत

तथा कर्मचारीहरुका बालबालिकाहरुको लागि दिवा शिशु स्याहार केन्द्र, तत्काल प्राथमिक उपचारको लागि क्लिनिक सेवाविगतमा झै प्रदान गर्दै आएको छ। नेपाल सरकारको नयाँ औद्योगिक क्षेत्र स्थापना गर्ने नीति र लिमिटेडको उद्देश्य बमोजिम घोषणा भएका औद्योगिक क्षेत्रहरुमा जग्गा विकास लगायत अन्य आवश्यक औद्योगिक पूर्वाधार निर्माण कार्यको थालनी गरिएको छ।

**(ख) लिमिटेडको आम्दानी/खर्च र बाँकी बक्यौताको तुलनात्मक विवरण:**

| शिर्षक | आर्थिक वर्ष | | थप/न्यून | | हाल कायम रहेको (२०८३बैशाख मसान्त) |
|---|---|---|---|---|---|
| | २०८०/०८१ | २०८१/०८२ | रकम रु. | प्रतिशतमा | |
| आम्दानी | २,१८,६३,४७,२१४ | १,८१,८५,३८,१०४ | (३६७८०९११०) | १६.८२ | १५१३२९१९४५ |
| कार्यालय सञ्चालन खर्च | १,४७,५५,७२,७१९ | १,७८,९०,२१,७०२ | ३१३४४८९८३ | २१.२४ | १३७९३९१९९८ |
| पूँजीगत खर्च (विकास निर्माणसहित) | १५,१८,२१,३७४ | ७,८७,०९,५९६ | (७३१११७७८) | ४८.१६ | ३,४५,२५००० |
| खुद नाफा/(नोक्सान) | ७१०७७४४९५ | १,७१,९५,७१९ | (६९३५७८७७६ | ९७.५८ | |
| सञ्चित नाफा/(नोक्सान) | १,११,५६,५१,३८१ | १,११,३५,३२,३२५ | (२११९०५६ | ०.१९ | |
| आयकर | १६,५२,७९,६१२ | १२,३२,०६८३ | (१५२९५८९२९ | ९२.५५ | |
| लाभांश भुक्तानी | १०,९०,९८,९७७ | १,२१,३९,०६८ | (९६९५९९०९ | ८८.८७ | २०७९/८० |
| बाँकी बक्यौता | ८३,७६,०९,३६८ | ८५,७५,७४,८४६ | १९९६५४७८ | २.३८ | ७३,७३,३०,००० |

**(ग) औद्योगिक क्षेत्रहरुमा रहेका उद्योगहरुसँग सम्बन्धी तुलनात्मक अवस्था:**

| शिर्षक | आर्थिक वर्ष | | थप/न्यून | | हाल कायम रहेको (२०८३बैशाख मसान्त) |
|---|---|---|---|---|---|
| | २०८०/०८१ | २०८१/०८२ | संख्यामा | प्रतिशतमा | |
| स्थापित उद्योगहरु | ७०६ | ७०६ | ३ | | ७१५ |
| चालु उद्योग/संघ संस्थाहरु | ६४२ | ६४० | २ | | ६४३ |
| बन्द उद्योगहरु | १५ | १५ | ० | | १५ |
| निर्माणाधिन उद्योगहरु | ४५ | ४४ | १ | | २५ |
| अन्य संघ संस्थाहरु | ४७ | ३३ | १४ | | ३२ |
| थप भएका उद्योगहरु | २२ | १० | १२ | | १० |
| क्षेत्र छाडी गएका उद्योगहरु | ८ | ५ | ३ | | ६ |

(घ) **जनशक्तिसम्बन्धी तुलनात्मक विवरण:**

| शिर्षक | आर्थिक वर्ष | | थप/न्यून | | हाल कायम रहेको (२०८३बैशाख मसान्त) |
|---|---|---|---|---|---|
| | २०८०/०८१ | २०८१/०८२ | संख्यामा | प्रतिशतमा | |
| स्वीकृत दरबन्दी: | २५५ | २५५ | - | | २५५ |
| स्थायी | २३८ | २३८ | - | | २३८ |
| करार | १७ | १७ | - | | १७ |
| कार्यरत जम्मा | २०६ | १९६ | १० | | १९७ |
| नयाँ प्रवेश | ० | २० | २० | | २० |
| अवकास/राजिनामा | १४ | - | १४ | | १७ |
| तालिम | | | | | |
| स्वदेश | ५७ | २१ | | | ३० |
| विदेश | ५ | ५ | | | ० |

(ङ) **लिमिटेडको मुख्य आम्दानीको रूपमा रहेको जमिन तथा भवन भाडा निर्धारण/पुनरावलोकनमा देखिएको समस्या र विद्यमान अवस्था:**

औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली, २०७१ अनुसार प्रत्येक ५/५ वर्षमा जग्गा तथा भवनको बहालदर पूनरावलोकन गर्ने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०७४।७५ मा जग्गाको साविक बहालदर पुनरावलोकन गरी नयाँ बहालदर सिफारिस गर्न गठित भाडा महसुल तथा शुल्क सुझाव सिफारिस उपसमितिले पेस गरेको प्रतिवेदनको आधारमा सञ्चालक समितिबाट २०७५ साउन १ देखि लागु हुने गरी मिति २०७५।८।५ को बैठक नं. ५२४ बाट जग्गाको नयाँ बहाल दर निर्धारण गरेकोप्रति औद्योगिक क्षेत्रका उद्योगहरुले असहमति व्यक्त गरेको हुँदा तत्कालिन माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीज्यूको निजी सचिवालयबाट मिति २०७५।८।९ गते नयाँ बहालदर कार्यान्वयन नगर्न/नगराउन निर्देशन प्राप्त भएको र सोको आधारमा सञ्चालक समितिको मिति २०७५।१०।०१ को ५३६औं बैठकको निर्णय नं. १९५४ बाट भाडावृद्धि निर्णय यथास्थितिमा राख्ने निर्णय भएको थियो। यसै विचमा विभिन्न समयमा विभिन्न निर्णयहरु तथा वार्ताहरु भएको र सो को आधारमा सञ्चालक समितिको मिति २०७९।०३।२२ को बैठकबाट भाडावृद्धिको निर्णय कार्यान्वयन भएको र सो प्रति नेपाल औद्योगिक क्षेत्र उद्योग महासँघले असहमति जनाइ महासंघले सो निर्णय विरुद्ध पाटन उच्च अदालतमा निवेदन गरेकोमा रिट खारेज भएको थियो। त्यसको विरुद्धमा सर्वोच्च अदालतमा मुद्दा दोहोर्यावई पाउको महासंघले निवेदन दिएको हुँदा सर्वोच्च अदालतबाट पुन: सुनुवाईको लागि निस्सा प्राप्त भई सोही मुद्दा दुबै पक्षहरुको बहस पैरवी पश्चात मिति २०८१/१२/१२ गते आदेशमा केही उल्टी फैसला भई सो आदेश फैसलाको पूर्ण पाठ मिति २०८२/९/१३गते यस लिमिटेडमा प्राप्त भएकोले सम्मानित सर्वोच्च अदालतको फैसला अनुसार केही उल्टी भई वृद्बि भएको भाडादर मिति २०७९/३/२२ देखि मात्र लागु हुने उल्लेख भएको हुँदा लिमिटेडलाई चार वर्षको जग्गा बहाल महशुलमा नोक्सानी भएकोले सो फैसला उपर लिमिटेड सञ्चालक

समितिले मिति २०८२/९/२५ गतेको बैठकबाट फैसला उपर पुनरावलोकन गर्ने निर्णयानुसार व्यवस्थापनबाट पुनरावलोकनको निवेदन दर्ता भएको छ । सो निवेदन सर्वोच्च अदालतमा विचाराधिन रहेको अवस्थामा रहेको छ ।

**२. राष्ट्रिय वा अन्तर्राष्ट्रिय परिस्थितीबाट कम्पनीको कारोवारलाई कुनै असर परेको भए सो असरः**

नेपाल सरकारको प्रत्येक प्रदेशमा कम्तीमा १/१ हजार विगाह क्षेत्रफल जग्गामा औद्योगिक क्षेत्र स्थापना गर्ने नीति अनुसार कोशी प्रदेशमा झापाको दमक, बागमती प्रदेशमा मकवानपुरको मयूरधाप र चितवनको शक्तिखोर, लुम्बिनी प्रदेशमा रुपन्देहीको मोतिपुर, बाँकेको नौवस्ता र दाङको लक्ष्मीपुर तथा सुदूरपश्चिम प्रदेशमा कञ्चनपुरको दैजीमा औद्योगिक क्षेत्र घोषणा भएका मध्ये शक्तिखोर र लक्ष्मीपुर बाहेकका औद्योगिक क्षेत्रहरुको शिलान्याससमेत भइसकेको छ तर अव्यवस्थित बस्तिको व्यवस्थापन, वन क्षेत्रको जग्गाको प्रयोग अनुमति र रुख विरुवाहरुको कटान हुन नसकेको कारण नयाँ औद्योगिक क्षेत्रहरुको पूर्वाधार निर्माणमा अपेक्षाकृत प्रगति हासिल गर्न सकिएको छैन। पछिल्लो पटक दमक औद्योगिक क्षेत्रमा द्यइइत मोडलमा औद्योगिक क्षेत्रको निर्माण गर्नको लागि दमक क्लिन इण्डष्ट्रियल पार्क प्रा.लि. संग गरिने द्विपक्षिय जग्गा सम्झौताको मस्यौता तयार गरी म्ऋक्ष्एलाई जग्गा सम्झौता गर्न आउनको लागि जानकारी पठाइएको तर सम्झौता गर्न आएको छैन । नौबस्ता औद्योगिक क्षेत्रको विवाद रहित जग्गा छुट्टयाई तारवार गरिएको छ।त्यसैगरी मोतिपुर औद्योगिक क्षेत्रको पूर्जा अनुसारको स्थलगत जग्गा एकीन गरी तारवार गर्ने र सिमाना सडकहरुको सिमाना मार्किङ्ग गर्नेकार्य अगाडी बढाइएको छ। कञ्चनपुर औद्योगिक क्षेत्रमा रहेका रुखहरुको छपान तथा नम्बरिङ्ग कार्य सम्पन्न गरि सोको प्रतिवेदन समेत तयार गरी आवश्यक निर्णयको लागि वन विभागबाट वन तथा वातावरण मन्त्रालयमा फाइल पेश भएको छ। महोत्तरीको वर्दिवासमा औद्योगिक क्षेत्र निर्माणको लागि जमिन यकिन गरी थप प्रक्रिया अघि बढाईएको छ ।औद्योगिक क्षेत्र घोषणासँगै यसको कार्यान्वयन गर्न यस कम्पनीको कार्य जिम्मेवारी र कार्यक्षेत्र विस्तार भएको छ । प्रस्तावित नयाँ औद्योगिक क्षेत्रहरुको हकमा वन क्षेत्रको प्रयोगको अनुमति प्राप्त हुन नसक्नु, अव्यवस्थित बस्ती व्यवस्थापन हुन नसक्नु, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन समयमै स्वीकृति हुन नसक्नु र श्रोतको सुनिश्चितता नहुनुका विभिन्न राष्ट्रियस्तरका कारणले निर्माण कार्य ढिला भएको अवस्था रहेको छ ।

**३. प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणाः**

**३.१ सञ्चालन स्थितिः (२०८३ वैशाख मसान्तसम्मको)**

यस लिमिटेड मातहत हाल १० वटा औद्योगिक क्षेत्रहरु सञ्चालनमा रहेका छन्। जसमा उद्योग र संघसंस्था गरी जम्मा ७१५वटा स्थापना भएका छन् भने चालु उद्योगको संख्या ६४३, बन्द उद्योगको संख्या १५ निर्माणाधिन उद्योगको संख्या २५ रहेको छ । करिब २०,००० जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । बन्द तथा निर्माणाधिन उद्योगहरु सञ्चालनको लागि आवश्यक पहल तथा सहजिकरण गरिएको छ।

**३.२ आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रमको संक्षिप्त जानकारीः**

(क) आयव्ययः आर्थिक वर्ष २०८२।८३ मा रु.१अर्ब ७६ करोड ७७लाख ५४ हजार आम्दानी हुने प्रक्षेपण गरिएकोमा २०८३ बैशाख मसान्तसम्म रु. १अर्ब ५१करोड ३२ लाख ९२हजार आम्दानी भएको छ। कार्यालय सञ्चालन खर्चतर्फ रु. १अर्ब ६६ करोड ३५ लाख १६ हजार बजेट विनियोजन भएकोमा रु. १अर्ब ३७ करोड ४३ लाख ७३ हजार खर्च भएको छ ।

**(ख) आसामी बाँकी:**

आ.व.२०८२।८३को बैशाख मसान्तसम्मको बीलिङ्ग आम्दानी १अर्व ३४ करोड ४८ लाख १४ हजार रहेकोमा सोमध्ये रु. १अर्व १६ करोड २० लाख ४७ हजार असुल उपरभई रु. १८ करोड २७ लाख ६७ हजार बाँकी रहेकोछ । आ.व. २०८२ आषाढ मसान्तसम्मको पुरानो आसामी बाँकी रु. ८५ करोड ७५ लाख ५५ हजारमध्ये रु. १२ करोड २ लाख २५ हजार असुल उपर भई रु. ७३ करोड ७३ लाख ३० हजार बाँकी रहेको छ । जम्मा बाँकी आसामी रु. ९२ करोड ९७ हजार रहेको छ।

**(ग) पूँजीगत तथा नयाँ विकास कार्य:**

आर्थिक वर्ष २०८२।०८३ मा सञ्चालनमा रहेका औद्योगिक क्षेत्रहरुको विकास कार्यको लागि विनियोजन भएको रु. ९ करोड ५५ लाख २७ हजारमध्ये २०८३ बैशाख मसान्तसम्म रु. ३ करोड ४५ लाख २५ हजार खर्च भएको छ।

**३.३ औद्योगिक क्षेत्र विस्तार र सञ्चालन:**

**(क) खारेजी हेटौंडा कपडा उद्योग लिमिटेड:**

नेपाल सरकार मन्त्रि परिषद्को मिति २०६९।१०।१२ को निर्णय अनुसार खारेजी हेटौंडा कपडा उद्योग लिमिटेडको जग्गा, भवन र मिल मेशिनरी जस्ता सम्पत्तिको मूल्याङ्कन बराबरको रकम नेपाल सरकारको तर्फबाट यस कम्पनीमा शेयर तथा ऋण लगानी रहने गरी मिति २०७०।२।२६मा माननीय अर्थ मन्त्रिस्तरिय निर्णयबाट यस कम्पनीमा हस्तान्तरण भएको थियो । यसरी प्राप्त भएका सम्पत्तिहरुमध्ये मिल मेशिनरीहरु मूल्याङ्कन गरी नियमानुसार लिलाम बिक्री गर्ने र जग्गा तथा भवनमा अन्य उद्योग प्रवर्द्धन गर्ने सहमती लिमिटेडले मन्त्रालयलाई माग गरेको भएता पनि मन्त्रालयबाट कुनै निर्णय नभएको हुँदा हेटौडा कपडा उद्योगले चर्चेको लिमिटेडको १८३ रोपनी जमिन अनुत्पादक रुपमा रहेको छ । कपडा उद्योगलाई नै प्राथमिकता दिने गरी बहालमा लगाउने मोडालिटी २०७२ श्रावणमा यस लिमिटेडले तयार गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय समक्ष पेस गरेको थियो। हेटौंडा कपडा उद्योगको भौतिक संरचनाहरुले हेटौडा औद्योगिक क्षेत्रको १८३ रोपनी जग्गा चर्चेको छ। २०६७ सालदेखि बन्द अवस्थामा रहेको कपडा उद्योगको सम्बन्धमा मिति २०६९।१०।१२ को मन्त्रिपरिषदको निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा अर्थ मन्त्रालयले मिति २०८१।०७।२९ मा अध्ययन टोलि गठन गरेको छ। नेपाल सरकारको आ.व.२०८१/८२को नीति तथा कार्यक्रम अनुसार हेटौडा कपडा उद्योगलाई सम्भाव्यताको आधारमा सार्वजनिक निजी साझेदारी वा अन्य उपयुक्त विधिबाट व्यवस्थापन र सञ्चालन गरिनेछ भनि उल्लेख भएको थियो।

**(ख) बुटवल धागो कारखाना लिमिटेड:**

बुटवल धागो कारखाना लिमिटेडले आर्थिक वर्ष २०४३।४४ देखि बुटवल औद्योगिक क्षेत्रको स्वामित्वमा रहेको १४३.७७ रोपनी जग्गा बहालमा लिई उद्योग सञ्चालन गरेकोमा आर्थिक वर्ष २०६६।०६७ देखि उद्योग बन्द भएको र २०६४ साल देखि उद्योगसँगको सम्झौताको म्याद समाप्त भई हालसम्म जग्गा सम्झौता नवीकरण भएको छैन। बुटवल धागो कारखानाको नाममा जग्गा तथा भवन बहालवापत मिति २०८३ बैशाख मसान्तसम्मको विलम्व शुल्क बाहेक रु.३,१२,७०,८३८।८९ बक्यौता रहेको छ। बुटवल औद्योगिक क्षेत्रको भाडा योग्य जमिनको ३८ प्रतिशत भूभाग धागो कारखानाले मात्र ओगटेको छ। कारखाना परिसरमा करिव ३७ रोपनी जमिन

प्रयोगविहिन अवस्थामा रहेको छ। प्रयोगविहिन जग्गामा उद्योग प्रर्वद्धन गर्न सहमतिको लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पत्राचार गरिएको छ। नेपाल सरकारको आ.व.२०८१/८२ को नीति तथा कार्यक्रम अनुसार बुटवल धागो कारखानालाई सम्भाव्यताको आधारमा सार्वजनिक निजी साझेदारी वा अन्य उपयुक्त विधिबाट व्यवस्थापन र सञ्चालन गरिनेछ भनि उल्लेख भएको थियो। तर हालसम्म यस सन्दर्भमा कुनै निर्णय भैसकेको छैन।

### (ग) प्रस्तावित नयाऔद्योगिक क्षेत्रको हालको अवस्थाः

नेपाल सरकारको प्रत्येक प्रदेशमा १/१ हजार विगाह क्षेत्रफलमा औद्योगिक क्षेत्र स्थापना गर्ने नीति अनुसार हालसम्म घोषणा भएका र हुन बाँकी औद्योगिक क्षेत्रहरुको वर्तमान अवस्था तपशिल बमोजिम रहेको छ।

### (क) नेपाल सरकारबाट घोषणा भई शिलान्यास भएका औद्योगिक क्षेत्रहरुः

| क्र.सं. | औद्योगिक क्षेत्र | प्रदेश | जिल्ला | क्षेत्रफल विगाह) | हालको अवस्था तथा सम्पन्न कार्यहरु |
|---|---|---|---|---|---|
| १. | दमक | कोशी | झापा | २१०० | २१०० विगाह जग्गा प्राप्ति भएको थप जग्गाको मुआब्जा वितरण भइरहेको, बिस्तृत परियोजना प्रतिबेदन (DPR) नेपाल सरकार लगानी बोर्डको कार्यालयबाट स्वीकृत र वातावरणीय प्रभाव मुल्यांकन (EIA) प्रतिवेदन स्वीकृत भएको साथै लगानी बोर्डबाट China–Nepal Friendship Industrial Park Damak परियोजनाको लागि रु. ६४ अर्वको विदेशी लगानी स्वीकृत। परियोजना कार्यालय स्थापना गरी आवश्यक काम भैरहेको छ। DCIP संग द्विपक्षिय जग्गा सम्झौता गर्नको लागि सम्झौताको मस्यौदा तयार गरी सम्झौता गर्न आउनको लागि पत्राचार गरिएकोमा सम्झौता गर्न DCIP नआएको र लगानी बोर्डले (PDA)को कार्य पनि सम्पन्न नगरेको । |
| २. | मयुरधाप | बागमती | मकवानपुर | १९९ | बिस्तृत परियोजना प्रतिवेदन स्वीकृत, वातावरणीय प्रभाव मुल्यांकन (EIA) प्रतिवेदन स्वीकृतिको लागि वन तथा वातावरण मन्त्रालयमा पेस गरिएमा हालसम्म स्वीकृत भइ नआएकोले औद्योगिक क्षेत्रका थप कार्यहरु अगाडी बढाउन सकिएको छैन। नेपाल सरकारको २०८३/८४को बजेट वक्तव्यमा औद्योगिक पूर्वाधार विस्तार गर्ने नीति अनुरुप मोतीपुर र मयूरधाप जस्ता औद्योगिक क्षेत्र निजी क्षेत्रले निर्माण र सञ्चालन गर्नेछन् भन्ने उल्लेख भएको छ। |
| ३. | मोतीपुर | लुम्बिनी | रुपन्देही | ९४६ | बिस्तृत परियोजना प्रतिवेदन स्वीकृत, वातावरणीय प्रभाव मुल्यांकन (EIA) प्रतिवेदनसम्वन्धी कार्य शुरु भएको। जग्गा प्राप्ति भएको साथै परियोजना कार्यालय स्थापना भएको। अव्यवस्थित वस्तीको अवरोधका कारण परियोजना सम्वन्धी थप कारवाही अगाडी बढाउन नसकिएको। प्रस्तावित जमिनमा रहेको अव्यवस्थित बसोबास, नदिनाला, वन आदिको वास्तविक अवस्था पत्ता लगाउन ड्रोन सर्भे गरिएको छ। भने बुटवल उपमहानगरपालिकाको समन्वयमा विवादरहित जमिनमा मात्र काम अगाडी बढाउने गरी सरोकारवालाहरु समेतको उपस्थितिमा वृहद छलफल तथा अन्तर्क्रिया गरी विवाद रहित क्षेत्रमा औद्योगिक क्षेत्र सम्बन्धि कार्य गर्ने सहमति बमोजिम व्लक B र E को जग्गा नाँपजाँच गरी छुट्टयाई पोल हाल्ने कार्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गरिएको छ। बाँकी कार्यहरु तत्काल अगाडी बढाउनको लागि सघन प्रयास भैरहेको छ। विवाद नरहेको अधिकास खाली भूभागमा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको लागि चरणवद्बरुपमा कार्य अगाडी बढाउन व्यवस्थापनलाई स्वीकृति प्रदान गर्ने सञ्चालक समितिबाट निर्णय भएको छ । |
| ४. | नौबस्ता | लुम्बिनी | बाँके | ३३८ | बिस्तृत परियोजना प्रतिवेदन स्वीकृत, वातावरणीय प्रभाव मुल्यांकन (भ्क्ष्) प्रतिवेदन स्वीकृत, जग्गा प्राप्ति भएको साथै परियोजना कार्यालय स्थापना भएको। अव्यवस्थित वस्तीको अवरोधका कारण परियोजना सम्वन्धी थप कारवाही अगाडी बढाउन नसकिएको सन्दर्भमा पुनः स्थानीय वैजनाथ गाउँपालिका पदाधिकारीहरु र स्थानीय बासिन्दाहरुको सहमतिमा चरणबद्धरुपमा निर्माणको कार्य अगाडी बढाउने प्रयोजनका लागि अद्यावधिक विवरण संकलनका लागि ड्रोन सर्भेको कार्य सम्पन्न गरी हाल पहिलो चरणमा विवादरहित क्षेत्रमा औद्योगिक क्षेत्रको कार्य गर्नेगरी टर्याहक खोल्ने र तारवार गर्ने कार्य सम्पन्न भई सकेको छ। सो औद्योगिक क्षेत्रको बाँकी कामहरु तत्काल अगाडी बढाउने गरी आवश्यक सम्पूर्ण पहल गरिएको छ। विवाद नरहेको अधिकास खाली भूभागमा भौतिक पूर्वाधार निर्माण तथा अध्ययनको लागि चरणवद्बरुपमा कार्य अगाडी बढाउन व्यवस्थापनलाई स्वीकृति प्रदान गर्ने सञ्चालक समितिबाट निर्णय भएको छ । |
| ५. | दैजी | सुदूरपश्चिम | कंचनपुर | ३४५ | बिस्तृत परियोजना प्रतिबेदनको कार्य सम्पन्न र वातावरणीय प्रभाव मुल्यांकन (EIA) प्रतिवेदन स्वीकृत, रुखहरुको नम्बरिङ्ग, छपानको कार्य सम्पन्न भई प्रतिवेदन वन विभागमा पेश भैसकेको छ। सो औद्योगिक क्षेत्रको शिलान्यास भैसकेको छ। कार्यालय स्थापना गरी आवश्यक कामकारवाहीहरु भैरहेको छ। औद्योगिक क्षेत्र स्थित रुखहरुको आवश्यक व्यवस्थापन पश्चात औद्योगिक पूर्वाधार निर्माण सम्बन्धि कार्यलाई तिव्रता दिइनेछ। |

### (ख) नेपाल सरकारबाट घोषणा भएका थप औद्योगिक क्षेत्रहरुः

| क्र.सं. | औद्योगिक क्षेत्र | प्रदेश | जिल्ला | क्षेत्रफल विगाह) | हालको अवस्था तथा सम्पन्न कार्यहरु |
|---|---|---|---|---|---|
| १. | शक्तिखोर | बागमती | चितवन | १७४१ | बिस्तृत परियोजना प्रतिवेदनतयार भएको र वातावरणीय प्रभाव मुल्यांकन (EIA) प्रतिवेदन स्वीकृत भएको। वन क्षेत्रको जग्गा नाँपजाँच गरी त्यहाँ स्थित रुखहरुको छपान नम्बरिङ्ग कार्यको लागि सम्बन्धित निकायमा स्वीकृतिको लागि पठाइएकोमा हालसम्म स्वीकृति नभएकोले गर्दा अन्य थप कार्यहरु अगाडी बढाउन सकिएको छैन। |
| २. | लक्ष्मीपुर | लुम्बिनी | दाङ्ग | ५४९ | पूर्व सम्भाव्यता अध्ययन कार्य सम्पन्न भई सो क्षेत्रको वस्तुस्थितीको जानकारीको लागि ड्रोन सर्भे गर्नको लागि कार्य अगाडी बढाइसकिएको छ। ड्रोन सर्भे पश्चात दाङ औद्योगिक क्षेत्रको डि.पि.आर.(DPR) र ई.आई.ए.(EIA)को प्रक्रिया अगाडी बढाउने गरी समितिबाट निर्णय भई प्रक्रिया अगाडी बढाउन व्यवस्थापनलाई जिम्मेवारी दिई उक्त कार्यहरुको सूचना प्रकाशित भई काम अगाडी बढाई सकेको । |

## ३.४ नियमावली, निर्देशिका तथा कार्यविधि र प्रशासनिक सुधारको अवस्थाः

(क) औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, आर्थिक विनियमावली, २०५० लाई सार्वजनिक खरीद ऐन, २०६३ र नियमावली, २०६४ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र भ्रमण खर्च नियमावली, २०६४ अनुकूल हुने गरी एकिकृत मस्यौदा गरी लिमिटेडको आर्थिक विनियमावली, २०८२ स्वीकृत भई लागु भएको छ। सोको समय सापेक्ष खरिद ऐन र नियमावली अनुकूल हुने गरी संशोधन तथा परिमार्जनको प्रक्रिया अगाडी बढाईएको छ।

(ख) लेखा सम्वन्धी कार्यलाई थप व्यवस्थित गर्न औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड लेखा निर्देशिका, २०८०, स्वीकृत गरी आर्थिक वर्ष २०८१/८२ देखि लागु गरिएको छ ।

(ग) चालु आ.व.मा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड पानी विनियमावली, २०८२ स्वीकृत भई लागु गरिएको छ ।

(घ) औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड विद्युत विनियमावली, २०५९को समयसापेक्ष आवश्यकता अनुसारसंशोधन गरिएको छ। कम्पनीको चालु आ.व.२०८१/८२को नीति तथा कार्यक्रममा उल्लेख भएबमोजिम हाल कार्यान्वयनमा रहेका विनियमावलीहरु एवम् निर्देशिकाहरुको समसामयिक संशोधन गर्नु पर्ने देखिएकोले औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली, २०७१को आठौं संशोधनको गरिएको छ। नवौं संशोधनका लागि मस्यौदा पेस गर्न सञ्चालक समितिको निर्णयानुसार समितिका सदस्यज्यूको संयोजकत्वमा उपसमिति गठन भई छलफल भइरहेको छ।

(ङ) औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड कर्मचारी सेवा सर्त विनियमावली, २०५४ को छैठौं संशोधनको अन्तिम मस्यौदा तयार भई सञ्चालक समितिबाट उपसमिति गठन गरी उपसमितिबाट अध्ययन भईरहेको छ । लिमिटेडको कर्मचारीहरुको उचित व्यवस्थापन गर्न वृत्ति विकासको समान अवसर र समय सापेक्ष प्रविधिमैत्री बनाई सेवा प्रवाह चुस्त र प्रभावकारीता बनाउन कार्य विवरण सहितको नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट लिमिटेडको जनशक्ति व्यवस्थापनको लागि संगठन र व्यवस्थापन सर्वेक्षण (Organization and management Survey) सम्पन्न गरी लिमिटेडमा पेस भएको छ ।उक्त प्रतिवेदन सञ्चालक समितिको निर्णयानुसार समितिका सदस्यको संयोजकत्वमा उपसमिति गठन भई अध्ययन भईरहेकोले निकट भविष्यमा नै स्वीकृत भई लागु हुने अपेक्षा गरिएको छ ।

(च) लिमिटेडको हाल प्रयोगमा रहेको क्यातधबचभ लाई स्तरोन्नती गरी कारोबारहरुलाई विद्युतीय स्वचालित (Automation) प्रणालीमा रुपान्तरण गरिने र उद्योगहरुले बुझाउनु पर्ने भाडा, महसुल, शुल्क र जरिवाना लगायतका रकम अनलाईन प्रणाली (Online system) connect ips मार्फत भुक्तानी गर्न सक्ने व्यवस्था गरिएको छ ।

(छ) कर्मचारी पदपूर्ति प्रकृया अन्तर्गत दरखास्त आह्वानको कार्यलाई अझ सहज बनाउन विद्युतीय स्वचालित (Automation) प्रणालीमा रुपान्तरण गरिने कार्य सम्पन्न भइ आ.व.२०८०/८१को पदपूर्ति कार्य देखि नै Online प्रणाली सञ्चालनमा ल्याइएको छ । लिमिटेडको HRMS (PIS/PMS/Emp–self–service software system) मार्फत विद्युतीय अभिलेख राखी कार्यरत कर्मचारीहरुको केन्द्रीकृत पारिश्रमिक भुक्तानी प्रणाली सञ्चालन ल्याई आगामी आ.व. देखि लागु हुने गरी कार्य अगाडी बढाईएको छ ।

(ज) लिमिटेडमा कार्यरत कर्मचारीहरुलाई कार्य प्रोत्साहन तथा संस्थाको सेवामा टिकाउ दरमा प्रोत्साहनका लागि कार्यालयमा हाजिर भएको दिन साविकको सुविधाहरु खाजा खर्च र स्थानीय परिवहन खर्च वृद्बि गर्ने गरी समितिमा निर्णय भई स्वीकृतिका मन्त्रालयको पठाईएको छ। सो हालसम्म स्वीकृत प्राप्त नभएको ।

(झ) लिमिटेडले प्रदान गर्ने कानूनसँग सम्वन्धित नियमावली विनियमावली निर्देशिकाहरुको कार्य प्रभावकारीताको अध्ययन गरी सेवा प्रवाह सुशासन मितव्ययी प्रभावकारी कुशलतापूर्वक सञ्चालन र व्यवस्थाप गर्न आन्तरिक परीक्षण (Management Audit) कार्यको आवश्यक तयार भईरहेको छ ।

### ३.५ नेपाल सरकारको नीति तथा कार्यक्रममा औद्योगिक क्षेत्रसाग सम्वन्धित बुदाहरू:

**आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रममा उल्लेखित सान्दर्भिक बुदाहरू:**

- विशेष आर्थिक क्षेत्रहरुको विस्तार तथा साझा पूर्वाधारसहित "औद्योगिक ग्राम" स्थापना गरिनेछ । ग्रिन गार्मेन्ट भिलेज, सूचना प्रविधि पार्क, कृषि उत्पादन केन्द्र लगायत उत्पादनमूलक तथा नवप्रवर्तनमा आधारित औद्योगिक क्षेत्रहरुको विकास गर्दै त्यस्ता क्षेत्रहरुलाई औद्योगिक पर्यटनसँग आवद्ध गरिनेछ । "स्टार्टअप नेपाल पोर्टल" मार्फत एकै दिनमा कम्पनी दर्ता, कर छुट, बिउ पुँजी लगायतका सेवा प्रदान गरिनेछ । "वुँदा नं. १३"
- औद्योगिक नीति, २०६७ परिमार्जन गरी नयाँ राष्ट्रिय औद्योगिक नीति तर्जुमा गरिनेछ । स्टार्टअप लघु साना तथा मझौला उद्यमलाई वित्त प्रविधि बजार र क्षमता विकासमा एकीकृत पहुँच उपलब्ध गराउन राष्ट्रिय उद्यम प्रवर्द्धन सुविधा स्थापना गरिनेछ । नेपाल व्यापार एकीकृत रणनीति र व्यापार घाटा न्यूनीकरण कार्य योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।"वुँदा नं. ३३"

**आर्थिक वर्ष २०८३/०८४को बजेट वक्तव्यमा उल्लेखित सान्दर्भिक विषयहरू:**

२७. उद्योग र औद्योगिक नवप्रवर्तनमा सरकार दत्तचित्त रहनेछ। गुणस्तरीय औद्योगिक पूर्वाधार विस्तार गर्ने नीति अनुरूप मोतीपुर र मयूरधाप जस्ता औद्योगिक क्षेत्र निजी क्षेत्रले निर्माण र सञ्चालन गर्नेछन् । पाँचखाल विशेष आर्थिक क्षेत्रमा महिला उद्यमीलाई प्राथमिकता दिनेछौँ। महिला उद्यमीलाई कर्जा प्रवाहमा थप सहुलियत प्रदान गर्नेछौं । विशेष आर्थिक क्षेत्रलाई कर भन्सार आयात, निर्यात र लगानीको सम्पूर्ण निर्णय एकैथलोबाट हुने विशेष आर्थिक प्रशासन क्षेत्र"को व्यवस्था मिलाउने छौँ।

(क) उत्पादनमूलक उद्योगको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न विद्युतको डिमाण्ड शुल्क पुनरावलोकन गर्दै विद्युत महसुलमा छुट दिने व्यवस्था गर्नेछौँ। उद्योगीहरूले औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा लिजमा उपलब्ध गराइने जग्गामा निर्मित संरचनालाई बैंकिङ प्रयोजनका लागि धितो राख्न सक्नेछन् ।

(ख) पुँजी अभावका कारण पूर्ण क्षमतामा सञ्चालन हुन नसकेका उद्योग तथा व्यवसायलाई "व्यावसायिक पुनरुत्थान कर्जा" उपलब्ध गराई क्षमता विस्तार र वृद्धिमा प्रोत्साहित गर्नेछौँ।

**५५. औद्योगिक विकास**

(क) सरकार र निजीक्षेत्रको सहकार्यमा औद्योगिक क्षेत्र तथा औद्योगिक कोरिडोरमा स्वच्छ उर्जामा आधारित प्रविधिको प्रयोग गरी ट्रिटमेन्ट प्लान्ट सहितको सिवरेज प्रणाली सञ्चालन गर्नेछौं । "बुँदा नं. ५५(ग)"

(ख) उद्योग प्रतिष्ठानमा रहेका परम्परागत बोइलर इलेक्ट्रिक बोइलरले प्रतिस्थापन गर्न सहुलियतपूर्ण ऋण सुविधा प्रदान गर्नेछौं । एक सय उद्योगहरुलाई विद्युतीय वा बायो ब्रिक्रेटमा आधारित बोइलरमा रुपान्तरण गर्न रु. २२ करोड विनियोजन गरेको छु । "बुँदा नं. ५५(घ)"

(ग) औद्योगिक पूर्वाधार विकासका लागि रु. ६५ करोड विनियोजन गरेको छु । "बुँदा नं. ५५(ङ)"

### ३.६ औद्योगिक क्षेत्रस्थित उद्योगहरू सञ्चालन अनुगमन:

औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगहरुको नियमितरुपमा अनुगमन गर्ने गरिएको छ । जग्गा तथा भवन बहालमा लिंदा जुन उद्देश्यका लागि सम्झौता गरी लिएका हुन् सोही अनुसार उत्पादन सञ्चालन नगर्ने त्यस्ता उद्योगउपर कार्यालयले कानूनी प्रकृया पु-याएर जग्गा तथा भवन फिर्ता लिन कारवाही प्रकृया अगाडि बढाइएको छ। फिर्ता प्राप्त भएपश्चात प्रचलित नियमानुसार उत्पादन तथा रोजगारमुलक उद्योगहरु प्रबर्द्धन गरिनेछ। हालै हेटौडा औद्योगिक क्षेत्रमा सम्झौता बमोजिम कार्य नगर्ने केही उद्योगहरुको कारवाहीस्वरुप सम्झौता रद्द गरिएको छ। सम्झौता पश्चात लामो समयसम्म उद्योग स्थापना नगर्ने, सम्झौताबमोजिम तोकिएको उद्देश्य विपरित हुने गरी

उद्योग सञ्चालन गर्ने कार्य निरुत्साहित गरिने गरी आगामी दिनमा कडाईका साथ काम कारवाही अगाडि बढाइने छ। यसरी हेटौडा औद्योगिक क्षेत्रमा १०५ रोपनी जग्गाको सम्झौता रद्द गरी सोही स्थानमा ११ वटा नयाँ उद्योगहरु क्षेत्रमा प्रवेश भएका छन् ।

### ३.७ औद्योगिक सुरक्षाः

नेपाल सरकारको निर्णय अनुसार २०६७ सालदेखि सशस्त्र प्रहरी बल, औद्योगिक क्षेत्र सुरक्षा गुल्मले बालाजु, पाटन, भक्तपुर, हेटौडा, पोखरा औद्योगिक क्षेत्रमा सुरक्षा प्रदान गर्दै आएको र औद्योगिक क्षेत्रमा रहेका यी गुल्मलाई औद्योगिक क्षेत्र कार्यसञ्चालन तथा निर्देशिका, २०७१ मा भएको प्रावधान अनुसार जग्गा तथा भवन निःशुल्क उपलब्ध गराउने गरिएकोमा नेपाल सरकारको नीतिगत निर्णयले हाल औद्योगिक सुरक्षा गुल्मको व्यवस्था खारेज गरिएको भएपनि अस्थाइ सुरक्षावेशको रुपमा शसस्त्र प्रहरी वेश हाल पनि रहि नै रहेको छ। साविककको अस्थायी सुरक्षावेशलाई स्थायी सुरक्षावेशको रुपमा कायम गर्ने व्यवस्था गरिदिनको लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा अनुरोध गरिएको छ। गजेन्द्र नारायणसिह औद्योगिक क्षेत्रमा शसस्त्र प्रहरी बलको सुरक्षा वेश राख्ने कार्यको लागि पहल भइरहेको छ।

### ३.८ शेयर पूजी बाडफाट तथा पूजीः

औद्योगिक क्षेत्रको विस्तार तथा निर्माण गर्न यस लिमिटेडको नाममा नेपाल सरकारबाट वार्षिक बजेट तथा कार्यक्रममा विनियोजन हुने रकम अर्थ मन्त्रालयको नाममा ५०% र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको नाममा ५०% का दरले शेयर लगानी स्वरुप पूँजीकरण गर्न अर्थ मन्त्रालयको मिति २०७६।१२।७ गतेको निर्णयको आधारमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०७७।१।२९ को पत्रबाट भएको निर्देशनअनुसार आर्थिक वर्ष २०७२/७३ देखि चालु आर्थिक वर्ष २०७९/०८० सम्म नेपाल सरकारबाट औद्योगिक क्षेत्र पूर्वाधार निर्माणको लागि प्राप्त भएको रकम दुवै मन्त्रालयको नाममा शेयर बाँडफाँड गरी पूँजीकरण गरिएको छ। लिमिटेडको अधिकृत पूँजी रु ५ अर्व र जारी पूँजी ५ अर्व रहेकोमा हाल चुक्ता पूँजी रु.३ अर्व ६ करोड ८८ लाख ४२ हजार रहेको छ। सो पश्चात कुनै पनि शेयरलगानीको लागि पुँजी प्राप्त नभएको ।

## ४. कम्पनीको औद्योगिक तथा व्यावसायिक सम्बन्धः

४.१ नेपाल सरकारबाट यस लिमिटेडमार्फत मुलुकभित्र औद्योगिक क्षेत्र विस्तार गर्न आर्थिक वर्ष २०७२/७३ देखि पूँजीगत खर्च अन्तर्गत औद्योगिक पूर्वाधार विकास तथा निर्माणको लागि सरकारको शेयर लगानी रहने गरी यस लिमिटेडको नाममा बजेट विनियोजन भैरहेको छ।

४.२ औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन र नयाँ औद्योगिक क्षेत्र विस्तार कार्यमा उद्योगहरुको छाता सँगठन नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघको सहयोग रहिआएको छ।

४.३ औद्योगिक क्षेत्रले नेपाल विद्युत प्राधिकरणबाट विद्युत खरिद गरेवापत महसुलमा १० प्रतिशत छुट उपलब्ध भईरहेको छ। नेपाल बिद्युत्त प्राधिकरण र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडबीच नेपाल सरकारले तोकेको औद्योगिक क्षेत्रमा बिद्युत्त वितरण, मिटर, ट्रान्सफरमर लगायतको उपकरण परीक्षण तथा प्रस्तावित नयाँ औद्योगिक क्षेत्रहरुमा प्रशारण लाईन विस्तार, सब-स्टेशन निर्माण, बिद्युत वितरण प्रणाली बिस्तार लगायतका कार्य गर्ने बिषयमा दुबै संस्था बीचमा आपसी सहयोग, समन्वय तथा सहकार्य गर्न वाञ्छनीय भएकोले मिति २०७८।०१।३० गतेका दिन समझदारी-पत्रमा हस्ताक्षर भई सोही अनुसार कार्य सम्पादन हुदै आएको छ।

४.४ औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड र नेपाल विद्युत प्राधिकरण बीच हुने द्बिपक्षीय सम्झौताबाट १० वटै औद्योगिक क्षेत्रका उद्योगहरुमा जडान भएका मिटरहरुलाई नेपाल विद्युत प्राधिकरणले प्रयोग गर्दै आईरहेको स्मार्ट प्रविधि (Meter Data Management System) मा लैजान कार्य अगाडी बढाईएको छ ।

**५. सञ्चालक समितिमा भएको हेरफेर र सोको कारणः**

यस लिमिटेडको नियमावलीको नियम १९ को खण्ड (क) मा भएको व्यवस्था अनुसार सञ्चालक समितिको गठन हुने व्यवस्था रहेको छ। नेपाल सरकारले नियुक्त गरेको अध्यक्ष, सदस्यहरुमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयका एक/एक जना प्रतिनिधि, नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघको अध्यक्ष वा प्रतिनिधि एक र नेपाल सरकारले नियुक्त गरेको महाप्रवन्धक सदस्य सचिव रहने गरी हाल ६ जनाको सञ्चालक समिति रहेको छ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०।५।२९ को निर्णयानुसार श्री बाबुराम पन्त, पोखरा महानगरपालिका वडा नं.१७ लाई बढीमा ३ वर्षको लागि यस लिमिटेडको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्ति गरिएको छ । समितिको सदस्यमा साविकमा नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट उपसचिव श्री प्रकाश आचार्यले प्रतिनिधित्व गर्दै आउनु भएकोमा नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०८१।५।२ को निर्णयानुसार सोही मन्त्रालयका उपसचिव श्री सीता निरौला फूँयाललाई सदस्यको जिम्मेवारी तोकिएमा मिति २०८२/६/३१को निर्णयानुसार सोही मन्त्रालयका आर्थिक प्रशासन शाखा प्रमुख श्री गोकूल बाँस्तोलालाई तोकिएकोमा उहाँको जिम्मेवारीमा परिवर्तन भई सोही शाखाका प्रमुखश्री उदयराज भट्टराईलाई सदस्यको जिम्मेवारी तोकिएको छ। त्यसैगरी समितिको सदस्यमा नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट उपसचिव श्री राम बहादुर के.सी.ले प्रतिनिधित्व गर्दै आउनु भएकोमा सो मन्त्रालयको मिति २०८०।१२।०८को निर्णयानुसार मन्त्रालयका उपसचिव श्री बोलराज आचार्यलाई र मिति २०८१।५।३१ को निर्णयानुसार मन्त्रालयका उपसचिव श्री केशव कुमार उप्रेतीलाई मनोनयन गरिएको थियो।हाल अर्थ मन्त्रालयको मिति २०८१।९।१२ को निर्णयानुसार (राजस्व सचिवस्तर) सोही मन्त्रालयका उपसचिव श्री सुदिश कुमार अर्यालला‍ई समितिको सदस्यकोरुपमा मनोनयन गरिएको छ। त्यसैगरी साविकमा समितिको सदस्यमा नेपाल सरकार, उर्जा जलश्रोत तथा सिंचाइ मन्त्रालयको तर्फबाट उपसचिव श्री बावुराज अधिकारीले प्रतिनिधित्व गर्दै आउनु भएकोमा नेपाल सरकार, उर्जा जलश्रोत तथा सिंचाइ मन्त्रालयको मिति २०८०।११।२७को निर्णयानुसार (सचिवस्तर) सोही मन्त्रालयका उपसचिव श्री अनुप ढुंगानालाई समितिको सदस्यकोरुपमा मनोनयन गरिएको छ। नेपाल सरकार मन्त्रिपरिषद्को मिति२०८१।२।२४ को निर्णयानुसार यस लिमिटेडको महाप्रबन्धक पदमा श्री पदम ओलीज्यूलाई ३(तिन) वर्षका लागि नियुक्ति गरिएको छ।

**६. कारोवारलाई असर पार्ने मुख्य कुराहरू:**

(क) जमिनको पुनरावलोकन गरिएको नयाँ भाडादर कार्यान्वयनका सन्दर्भमा नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघले असहमति जनाइ सो निर्णय विरुद्ध पाटन उच्च अदालतमा निवेदन गरेकोमा रिट खारेज भएको थियो। त्यसको विरुद्धमा सर्वोच्च अदालतमा मुद्दा दोहोर्यादई पाउको महासंघले निवेदन दिएकोमा सर्वोच्च अदालतबाट पुनः सुनुवाईको लागि निस्सा प्राप्त भई सोही मुद्दा दुबै पक्षहरुको बहस पैरवी पश्चात मिति २०८१/१२/१२ गते आदेशमा केही उल्टी फैसला भई सो आदेश फैसलाको पूर्ण पाठ मिति २०८२/९/१३ गते यस लिमिटेडमा प्राप्त भएको छ।

सम्मानित सर्वोच्च अदालतको फैसला अनुसार केही उल्टी भई वृदिब भएको भाडादर मिति २०७९/३/२२ देखि मात्र लागु हुने उल्लेख भई फैसला प्राप्त भएको हुँदा सोबाट लिमिटेडलाई चार वर्षको बहाल महशुलमा नोक्सानी हुन सक्ने भएकोले सो फैसला उपर लिमिटेड सञ्चालक समितिले मिति २०८२/९/२५ गतेको निर्णय अनुसार फैसला उपर पुनरावलोकनको निवेदन दर्ता भएको छ। सो निवेदन सर्वोच्च अदालतमा विचाराधिन रहेको अवस्थामा रहेको छ । सर्वोच्च अदालतबाट निस्सा प्राप्त नभएको अवस्थामा वृद्धि भएको आम्दानी रिभर्स/न्यून हुन सक्ने देखिन्छ ।

(ख) औद्योगिक क्षेत्रका भौतिक संरचनाहरु पुराना तथा जीर्ण बन्दै जानु।

(ग) नेपाल सरकारद्वारा विनियोजित बजेट निकासाका सन्दर्भमा सुनिश्चितता नभएको कारण विकास निर्माणमा अन्यौलता सिर्जना भइ काम अगाडि बढाउन नसकिनु।

(घ) शिलान्यास भएका नयाँ औद्योगिक क्षेत्रहरुको निर्माण कार्य अगाडी बढाउन अव्यवस्थित वस्तिको व्यवस्थापन हुन नसक्नुर वातावरणीय प्रभाव मूल्याङ्कनको कार्य तथा वनको जग्गा प्रयोग अनुमतिका लागि सम्बन्धित निकायबाट समयमा निर्णय हुन नसक्दाआयोजनाको कार्यान्वयनमा ढिलाई हुनु।

(ङ) नेपाल सरकारको बजेट वक्तव्यबाट नेपाल विद्युत प्राधिकरणको विद्युत विलिङ्गमा मुल्य अभिवृद्बि कर लगाउने व्यवस्थाको कारण उद्योगीहरुको उत्पादन लागत वृद्धि भई उत्पादनमा नकरात्मक प्रभाव परी कम्पनीको विद्युततर्फको आयमा असर पर्न सक्ने ।

## ७. लेखापरीक्षकको प्रतिवेदनमा कुनै कैफियत भए सो उपर सञ्चालक समितिको प्रतिकृया:

१. लेखा नीति तथा टिप्पणी को बुंदा नं ४३.२ मा उल्लेखित "अदालतमा विचाराधीन आम्दानी" बमोजिम सञ्चालक समितिले मिति २०७९/०३/२२ मा बसेको ६५२औं बैठकको निर्णयबाट मिति २०७५ श्रावण १ गतेबाट नै लागु हुने गरी भाडा वृद्धि गरी विलिङ्ग गर्ने निर्णय उपर सर्वोच्च अदालत काठमाडौँबाट उक्त भाडादर वृद्धि गर्ने निर्णय कार्यान्वयन नगर्न मिति २०८१/१२/०६ मा अन्तिम फैसला (परमादेश) भएको र सर्वोच्च अदालत काठमाडौंबाट वृद्धि भएको जमिन बहाल रिभर्स गरि लेखांकन गर्नु भनी अन्तरिम आदेश जारी भएकोमा हालसम्म सो फैसला अनुसार बहाल र आसामी रिभर्स गरेको पाइएन। सोहि सन्दर्भमा मिति २०८१/१२/०६ को सर्वोच्च अदालत काठमाडौंबाट फैसला कायम भएको र आ.व.२०७५/७६ देखि वृद्धि भएको जमिन बहाल आयमा समावेश नगर्ने निर्णयानुसार बिलिङ्ग गरिएको रकम रिभर्स गरि अपलेखन गरिएको छैन। साथै उक्त अवधिमा केहि उद्योगबाट प्राप्त भएको बहाल आयलाई समेत हिसाब मिलान नगरिएको कारणले वित्तीय विवरणमा परेको असरको यकिन गर्न सकिएन।

२. प्रोदभावी लेखा आधार तथा नेपाल लेखामान (ल्बक-१)का प्रावधानअनुसार आ.व.२०८१/८२ मा पहिचान हुनुपर्ने विद्युत महशुल खर्च रु. ३,४३,७९,८६३ सोही अवधिमा लेखांकन नगरिएको उक्त खर्च तथा सम्बद्ध दायित्व पछिल्लो आर्थिक वर्षमा लेखमान विपरित वित्तीय विवरणमा लेखांकन गरेकोले यसको असरले वित्तीय विवरणमा परेको प्रभाव असर एकिन गर्न सकिएन ।

## ८. लाभांश बाँडफाँट गर्न सिफारिस गरिएको रकम:

नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७९।९।१९को (राजश्व सचिवस्तर) निर्णयबाट "औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई एकाधिकार प्राप्त संस्थान मान्ने" निर्णय भइ आएकोले सो निर्णय र नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०५९।४।२३ मा भएको निर्णयबमोजिम हुने गरी लाभांश व्यवस्था गर्न आन्तरिक राजश्व विभागको मिति २०५९।५।४ को पत्र अनुसार आर्थिक वर्ष २०८१।०८२मा भएको आयकर कट्टि पछिको खुद मुनाफा रु.१,७१,९५,७१९।००को २० प्रतिशतले हुने रकम रु.३४,३९,१४३।८० शेयरधनीहरुलाई नगद लाभांश वितरण गर्नमिति २०८३।२।२८ मा बसेको सञ्चालक समितिको १८औं बैठकको निर्णयानुसार प्रस्ताव गरिएकोमा अनुमोदनका लागि लिमिटेडको ३७औं वार्षिक साधारणसभामा पेस भएको छ।सभाबाट पारित भएपश्चात शेयरधनीहरुलाई नगद लाभांश वितरण गरिनेछ।

## ९. कर्मचारी बोनस सम्वन्धमा:

बोनस ऐन, २०३०(संशोधित) अनुसार आर्थिक वर्ष २०७३।७४ देखि२०७६।७७सम्मको कम्पनीको मुनाफाबाट कर्मचारीले पाउने बोनसवापत छुट्याईएको रकम जम्मा रु. २,७२,६८,७८२।०० व्यवस्था गरिएकोमा आ.व. २०७७।७८, आ.व. २०७८।७९, आ.व. २०७९।८०, आ.ब. २०८०।०८१ र २०८१/८२ मा क्रमश: रु. २,६७,४३७।००, रु.११,०६,०८४।००, रु.९,५७,५०५।००, रु. ७१,०७,७४५।०० र रु. २,९५,१६४ थप भई जम्मा रु.३,७०,०२,७१७।०० हुन पुगेको छ।

आ.व. २०७३।०७४ देखि २०७६।०७७ सम्मको बोनस वितरणका लागि छुट्याइएको रकम रु.२,७२,६८,७८२।०० भुक्तानीका सन्दर्भमा सर्वोच्च अदालतमा मुद्दा (सर्वोच्च अदालत ०७९-च्क्ष-१६०७) विचाराधिन रहेकोमा मिति २०८२/९/२३ मा भएको फैसला भई सकेको जानकारी प्राप्त भएको हुँदा लिमिटेड सञ्चालक समितिको १४औं बैठक मिति २०८३/१/३ गतेको बैठकले सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२/९/२३ मा भएको फैसला तथा कम्पनीको साधारण सभाबाट पारित भई कर्मचारीहरुलाई वितरणका लागि छुट्याईएको बोनस रकम वितरण गर्ने सम्वन्धमा नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा स्वीकृतिका लागि पुन: अनुरोध गरी पठाईएको छ । साथै सो पश्चातका आ.व.२०७७।०७८, २०७८।०७९ र २०७९।०८० सम्मको बोनस वापत छुट्याइएको रकम रु. ९४,३८,७७१।०० स्वीकृतिको लागि मन्त्रालयमा अनुरोध गरी पठाईएको छ।

## १०. लिमिटेडले गर्नुपर्ने मुख्य मुख्य सुधारका कार्यहरु:

### १) शो-रुम संग सम्बन्धित समस्या:

विगतका दिनहरुमा सवारी साधनहरुमर्मत गर्ने वर्कशपलाई जमिन लिजमा दिने गरिएकोमा त्यसैको आडमा नयाँ तथा पुराना सवारी साधन र सोसंग सम्बन्धित पार्ट्सहरुको सोरुम तथा गोदाम स्थापना गर्ने कार्य भैरहेको पाइएको रुछ। यस कुराले लिमिटेडको उद्वेश्य अनुरुप अगाडी बढन नसकेको र विभिन्न निकायहरुबाट आलोचना समेत सहनु परेको छ।तसर्थ आगामी ५ वर्ष भित्रमा यस्ता सोरुमलाई विस्थापित गरी सो ठाउँमा उत्पादनमुलक तथा सूचनाप्रविधिमा आधारित उद्योगलाई प्रोत्साहित गर्ने गरी सुधार गरिनेछ।

### २) जीर्ण भवनको व्यवस्थापन:

औद्योगिक सेडहरुको आयु ४० वर्ष रहेको छ तर औद्योगिक क्षेत्रहरु निर्माण हुँदाका बखत निर्माण भएका सेडहरुको आयु समाप्त भएको, विभिन्न समयमा आएका भुकम्पहरुले त्यसको संरचनाहरु खल्वल्याएको हालको प्रविधी अनुसारका मेशिनहरु जडान गर्न अनुपयुक्त रहेको हुँदापटक पटक ति सेड हरु हटाउन नेपाल नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघले अनुरोध गर्दै आइरहेको छ । वि.सं.२०५४ सालको भाडावृद्धीको सहमती २०६९ सालको भाडा वृद्धीको सहमति र वि.सं.२०७५ सालमा जमिनको भाडावृद्धी गर्दा समेत यि भवनहरु हटाउने सहमति भएको थियो। एकातर्फ भवनहरु जिर्ण बन्दै गएका छन भने अर्कोतर्फ ति भवनहरु नहटाउदा आधुनिक प्रविधियुक्त मेशिन जडान गरी उत्पादकत्व वृद्धी गर्न उद्योगिलाई समस्या भैरहेको छ। तसर्थ, यसै वर्षभित्रबाट पुराना भवनहरु हटाउने कार्य चरणवद्ध रुपमा अगाडी बढाउने गरि सुधार गरिनेछ।

### ३) प्रयोगमा नआएको जमीन फिर्ता लिई नयाा उद्योगको विस्तार गर्ने:

केही औद्योगिक क्षेत्रहरुमा उद्योग वर्षौं पहिलेदेखि जमिन भाडामा लिएको तर कतिपय उद्योगले त्यसको ३० प्रतिशत हिस्सा समेत प्रयोगमा ल्याएको देखिदैन र प्रयोगमा नआएको जमिनको कारण एकातर्फ रुऔद्योगिक क्षेत्र खालि रहेको, जंगल र झाडीमा परिणत भएको देखिन्छ भने अर्कातर्फ नयाँ उद्योग स्थापना गर्न जमिन उपलव्ध हुन सकेको छैन। तसर्थ यस समस्यको समाधान गर्न उद्योगले तत्काल प्रयोगमा ल्याउने कुनै योजना भए सो अनुरुप साविककै उद्योगलाई सहजिकरण गर्ने तर साविकको उद्योगको कुनै योजना नदेखिएमा जमिन फिर्ता लिई नयाँ उद्योगको स्थापनाको कार्यलाई यसै वर्ष देखि अगाडी बढाइनेछ।

### ४) सरकारी लगानीमा स्थापित बन्द उद्योगको सम्पत्ति व्यवस्थापन:

नेपाल सरकारको शेयर लगानी रहेका उद्योगहरु हाल औद्योगिक क्षेत्रमा लामो लामो समय देखि बन्द अवस्थामा रहेका छन। ति उद्योगहरुको सम्पत्ती व्यवस्थापन तथा जमिनको प्रयोग मन्त्रालयको निर्णय अनुसार नै हुने गरेको छ। लामो समय देखि बन्द रहेको हेटौडाकपडा कारखाना, शान्ती वनस्पती घिउ उद्योग, बुटवल धागो कारखानाले ओगटेको जमिनको भाडा वापतको बक्यौतादिन प्रतिदिन वढ्दै गई रहेको छ। तर ति उद्योग सञ्चालनको सुनिश्चितता कतैबाट आउन सकेको छैन। तसर्थ, त्यसता उद्योगहरु सञ्चालन हुने वा नहुने भन्ने सन्दर्भमा र ति उद्योगहरुको सम्पत्ति व्यवस्थापन गर्ने सन्दर्भमा सामान्य पहल भैरहेको भएतापनि आगामी दिनमा मन्त्रालयसंग विशेष पहल गरिनेछ।

### ५) सूचना प्रविधि उद्योगको विस्तार:

यस्ता वित्तीय सम्पत्तिको आवधिक पुनरमूल्याङ्कन गर्दा बजार मूल्यमा भएको परिवर्तनले हुने फाईदा वा घाटालाई अन्य विस्तृत आयमा देखाई जेथा (Equity) मा भएको परिवर्तन सम्बन्धीको विवरणमा प्रस्तुत गर्ने गरिएको हुन्छ । उक्त वित्तीय सम्पत्ति निसर्ग गर्दा हुने सञ्चित नाफालाई Equity मा भएको परिवर्तन सम्बन्धीको विवरणबाट सोझै सञ्चित मुनाफामा रकमान्तर गरिन्छ तथापी सो नाफाको कारणले उत्पन्न हुने कर्मचारी बोनस तथा करको खर्चलाई नाफा नोक्सान खातामा नै देखाइएको छ ।

२.८.२.२. **वित्तीय दायित्व (Financial Liabilities)**

वित्तीय दायित्वहरुलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छः

१. नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व (Fair Value through Profit or Loss)

२. Amortized Cost मा वर्गीकृत वित्तीय दायित्व

**नाफा नोक्सान माध्यमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति *(FVTPL)***

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुलाई उक्त दायित्व सृजना हुंदा छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले सृजित भएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ । प्रस्तुत वित्तीय प्रतिवेदनमा नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका कुनै पनि वित्तीय दायित्व रहेको छैन ।

**Amortized Cost मा मापन गरिएका वित्तीय दायित्व**

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई Amortized Cost मा वर्गीकृत गरिएको छ । यस्ता Amortized Cost मा वर्गीकृत वित्तीय दायित्वलाई दायित्व सिर्जना हुँदा लागेको खर्च वा लागतलाई समायोजन गरी निकालिएको समायोजित ब्याजदरका आधारमा मापन तथा लेखाङ्कन गरिन्छ । सो वित्तीय दायित्वको परिशोधन खर्च तथा दायित्व निसर्ग हुँदाको समयको फाईदा वा घाटालाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

२.८.३. **मापन (Measurement)**

**प्रारम्भिक मापन (Initial Measurement)**

वित्तीय सम्पत्ति वा वित्तीय दायित्व सुरुमा फेयर मूल्यमा मापन गरिनेछ । प्रारम्भिक रूपमा मान्यता प्राप्त वित्तीय सम्पत्ति वा वित्तीय दायित्व at amortized cost र वित्तीय सम्पत्ति at FVTOCI को लेनदेन लागत यसको फेयर मूल्यको साथ समायोजित गरिन्छ । साथै प्रारम्भिक रूपमा मान्यता प्राप्त वित्तीय सम्पत्ति वा वित्तीय दायित्व at FVTPL को लेनदेन लागतहरुलाई मुनाफा वा घाटाको विवरणमा मान्यता दिइन्छ ।

पृष्ठ ८

वित्तीय सम्पत्तिको लेखा खरिद बिक्री भएको मिति वा settlement dateको मितिमा गरिन्छ । यदि settlement date लागु गरिएमा पुनर्मूल्यांकन फेयर मूल्य समायोजन खाता (fair value adjustment account) प्रयोग गरेर गरिन्छ । संस्थानले सबै लगानीहरुमा ट्रेड मिति वा settlement date मिति लागु गर्नुपर्दछ । चयनित विधि लेखा नीतिको रूपमा रिपोर्ट गरिनुपर्दछ र निरन्तर रुपमा अपनाउनु पर्छ ।

**पछिको मापन (Subsequent Measurement)**

वित्तीय सम्पत्ति तथा दायित्वको पछिको मापन उक्त वित्तीय उपकरणको वर्गीकरणको आधारमा परिर्माजित लागत वा फेयर मूल्यमा गरिन्छ ।

वित्तीय सम्पत्ति तथा दायित्व at Amortized Cost समायोजित ब्याजदर विधि प्रयोग गरी परिमार्जित लागतमा पछि मापन गरिन्छ । परिमार्जित लागतले सोको सुरुवाती किताबी मूल्यमा साँवा भुक्तानीको रकम, संचित परिशोधन खर्च तथा संचित नोक्सानी व्यवस्थाको रकम समायोजन गरे पछिको रकमलाई जनाइन्छ । कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई Discount गर्दा हुन आउने मूल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मूल्य बराबर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुने रकमलाई Discount गर्न प्रयोग भएको उक्त ब्याज दरलाई समायोजित ब्याजदर भनिन्छ ।

साथै, फेयर मूल्यमा मापन गरिएको वित्तीय उपकरणको पछिको मापन फेयर मूल्यमा नै गरिन्छ । वित्तीय सम्पत्तिको उचित मूल्यमा भएको परिवर्तन यसको वर्गीकरणका आधारमा नाफा / नोक्सानी वा अन्य विस्तृत आम्दानी विवरणमा मान्यता दिइन्छ ।

**२.८.४. वित्तीय सम्पत्ति र दायित्वहरूलाई पहिचानबाट हटाइने (De-recognition)**

**वित्तीय सम्पत्तिलाई पहिचानबाट हटाइने (De-recognition)**

निम्न उल्लिखित कुनै पनि अवस्थामा वित्तीय सम्पत्ति पूर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछ:

- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा
- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा सो सँग जोडिएको सम्पूर्ण जोखिम तथा प्रतिफल पनि हस्तान्तरण हुँदा

यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मूल्य र सो निसर्गबाट प्राप्त मूल्य तथा सो सँग सम्बन्धित अन्य विस्तृत नाफा नोक्सान खातामा रहेको सञ्चित फाईदा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

**वित्तीय दायित्वहरूलाई पहिचानबाट हटाइने (De-recognition)**

कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरु समाप्त भएको अवस्थामा र वित्तीय दायित्वहरुलाई भिन्न शर्तमा र अहिलेको शर्तलाई परिमार्जित गरि छुट्टै दायित्व सिर्जना हुन्छ भने सो दायित्व निसर्ग भएको मानिन्छ । यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मूल्य र निसर्ग हुँदा तिरेको मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

**२.९. हानी/नोक्सानी (Impairment)**

**वित्तीय सम्पत्तिमा हुने नोक्सानी**

कम्पनीले वित्तीय विवरण तयार गर्दा कुनै पनि वित्तीय सम्पत्तिमा नोक्सान भए वा नभएको बारे प्रमाण सहित आङ्कलन गर्ने गरेको हुन्छ । उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्ति नोक्सान भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिन्छ । यस्तो नोक्सानी रहेको छ भन्ने अवस्थाको आङ्कलन कुनै एक व्यक्तिगत प्रमाणबाट मात्र नभई प्रमाणहरुको सामुहिक आङ्कलनबाट पनि गर्नुपर्ने हुन्छ । यस्तो नोक्सानी व्यवस्था उजागर गर्ने केही प्रमाणहरु यस प्रकार रहेका छन्:

- खराब वित्तीय अवस्था

- सम्झौताका सर्तहरुको उल्लङ्घन गरेको
- व्यक्ति टाट पल्टिन सक्ने सम्भावना रहेको
- वित्तीय सम्पत्तिबाट सुरुवातमा भविष्यमा प्राप्त हुन सक्ने भनी आङ्कलन गरिएको नगद प्रवाह भन्दा हालै गरिएको आङ्कलन कम भएमा

**वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था / नोक्सानी व्यवस्था फिर्ता तथा अपलेखन**

NFRS 9 मा उल्लेख Expected Loss Model प्रयोग गरि कर्जा तथा सापटीमा भएको हानी/नोक्सानी व्यवस्था गणना गरिएको छ ।

नोक्सानी व्यवस्था फिर्ताले वित्तीय सम्पत्तिको पछिको carrying रकम यसको पमिार्जित लागत (अर्थात : यदि त्यस अवधिमा हानी नोक्सानी व्यवस्थाको पहिचान नगरी आएको हालको मूल्य)को तुलनामा भन्दा बढि हुन भने पाउने छैन । वित्तीय सम्पत्ति (साथै, सम्बन्धित नोक्सानी व्यव्सथा सहित) लाई पुनः प्राप्तिको कुनै यथार्थिक संभावना नभएको अवस्थामा आशिंक वा पूर्ण रुपमा अपलेखन गरिनेछ तर यदि वित्तीय सम्पत्तिहरु धरौटीबाट सुरक्षित भएमा, सो धरौटीको निसर्गबाट प्राप्त बाहेकको रकमलाई घटाई बाँकी रकमको अपलेखन गरिन्छ ।

**२.१०. नगद तथा नगद समान (Cash and Cash Equivalents)**

नगद तथा नगद समान अर्न्तगत नगद, बैंक तथा वित्तीय संस्थामा रहेको कल खाताको मौज्दात तथा अन्य अत्यधिक तरल लगानीलाई पर्दछन् । साथै, यस अन्तर्गत खरिद गरिएको समय पश्चात तीन महिना वा सोभन्दा कम अवधीमा परिपक्व हुने अत्यधिक तरल वित्तीय सम्पत्तिहरु पनि पर्दछन र जसको फेयर मूल्यमा हुने परिवर्तनको जोखिम नगण्य छ ।

नगद तथा नगद समानलाई वित्तीय विवरणमा परिमार्जित लागत (Amortized cost) मा मापन गरिन्छ ।

**२.११. अन्य बैंक मौज्दात (Other Bank Balances)**

अन्य बैंक मौज्दात अर्न्तगत खरिद गरिएको समय पश्चात तीन महिना भन्दा बढी र बाह्र महिना भन्दा कम अवधिमा परिपक्व हुने अत्यधिक तरल वित्तीय सम्पत्तिहरु पर्दछन र जसको फेयर मूल्यमा हुने परिवर्तनको जोखिम नगण्य छ । साथै, अन्य बैंक मौज्दातमा बैंक तथा वित्तीय संस्थाहरुमा रहेको निर्दिष्ट अवधिको लागि फिर्ता र प्रयोगको लागि प्रतिबन्धित रकम पनि समावेश हुन्छ ।

अन्य बैंक मौज्दातलाई वित्तीय विवरणमा परिमार्जित लागत (Amortized cost) मा मापन गरिन्छ ।

**२.१२. लगानी**

लगानी अर्न्तगत ऋण पत्रमा लगानी वा इक्विटमा लगानी पर्दछन । छोटो समयमा खरिद बिक्री गरी फाइदा आर्जन गर्ने उद्देश्य राखिएको लगानी बाहेक Equity शेयरमा गरिएका लगानीलाई अन्य विस्तृत आम्दानी माध्यमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिमा वर्गीकरण र मापन गरिन्छ । त्यस्तै ऋण पत्रमा गरिएको लगानीलाई परिमार्जित लागतमा वा नाफा नोक्सान माध्यमा बजार मूल्यमा समायोजन हुने वा अन्य विस्तृत आम्दानी माध्यमा बजार मूल्य समायोजन हुने गरी व्यावसायिक मोडेल (Business Model) र प्राप्त हुने नगद प्रवाहको प्रकृति (Contractual cashflows' characteristics test) का आधारमा वर्गीकरण र मापन गरिन्छ।

**२.१३. सहुलियत ब्याजमा कर्मचारीलाई प्रवाहित कर्जा र सापटी**

औद्योगिकक्षेत्र व्यवस्थापन लिमिटेडले आफ्ना कर्मचारीहरुलाई कर्मचारी सेवा विनियमावलीको प्रावधान भित्र रही सहुलियत ब्याजदरमा कर्जा प्रवाह गर्ने गरेको छ। कर्मचारीबाट कर्जाको भुक्तानी बापत भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई सोही प्रकृतिका कर्जाको बजारमा प्रचलित ब्याजदरले Discounting गरी सो कर्जाको फेयर मूल्य निर्धारण गरिन्छ। कर्जाको शुरुवाती किताबी मूल्य तथा फेयर मूल्यको फरकलाई स्थगन कर्मचारी खर्च (Deferred Employee Expenditure) को रुपमा पहिचान गरी कर्जा अवधिमा परिशोधन गर्दै व्याज आम्दानीको रुपमा लेखाङ्कन गरिएको छ।

कर्मचारीबाट कर्जा वापत प्राप्त हुने नगद प्रवाहहरुको अग्रिम भुक्तानी गरिएको हकमा, बाँकी कर्मचारी कर्जा रकमको भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई सोही प्रकृतिका कर्जाको बजारमा प्रचलित ब्याजदरले Discounting गरी सो कर्जाको फेयर मूल्य निर्धारण गरिन्छ र बाँकी कर्जाको किताबी मूल्य तथा निर्धारित फेयर मूल्यको फरकलाई स्थगन कर्मचारी खर्च अर्न्तगत समायोजन गरिन्छ।

कर्मचारीलाई प्रवाहित कर्जा र सापटी अर्न्तगत घर मर्मत पेश्की, तलब पेश्की र दीर्घकालीन सापटी पर्दछन।

**१. घर मर्मत पेश्की**

घर मर्मत पेश्की ५% ब्याजका दरले तीन वर्ष पुगिसकेका वा कम्पनीमा तीन वर्ष स्थायी सेवा गरिसकेका घर भएका कर्मचारीले घर मर्मत गर्नुपर्ने अवस्था परेमा आवश्यकताको आधारमा बढीमा अठार महिनाको खाइपाई आएको तलब बराबरको रकम सापटी स्वरुप ८ वर्षमा चुक्ता हुने गरी प्रवाह गरिन्छ।

यस प्रकारको कर्जा वित्तीय स्थितिको विवरणमा कर्जाको भुक्तानी बापत भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई बजारमा प्रचलित ९.५ % ब्याजदरले Discounting गरी आउने फेयर मूल्यमा मापन गरिएको छ र कर्जाको किताबी मूल्य तथा फेयर मूल्यको फरकलाई स्थगन कर्मचारी खर्च (Deferred Employee Expenditure) को रुपमा पहिचान गरी कर्जा अवधिमा परिशोधन गर्दै व्याज आम्दानीको रुपमा लेखाङ्कन गरिएको छ।

**२. तलब पेश्की**

तलब पेश्की ३ % ब्याजदरमा ६ महिनासम्म बराबरको तलब पेश्की स्वरुप १ वर्षमा चुक्ता हुने गरी प्रवाह गरिन्छ।

यस प्रकारीको कर्जा वित्तीय स्थितिको विवरणमा कर्जाको भुक्तानी बापत भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई बजारमा प्रचलित ९.५ % ब्याजदरले Discounting गरी आउने फेयर मूल्यमा मापन गरिएको छ र कर्जाको किताबी मूल्य तथा फेयर मूल्यको फरकलाई स्थगन कर्मचारी खर्च (Deferred Employee Expenditure) को रुपमा पहिचान गरी कर्जा अवधिमा परिशोधन गर्दै व्याज आम्दानीको रुपमा लेखाङ्कन गरिएको छ।

औद्योगिकक्षेत्र व्यवस्थापन लिमिटेडले तलब पेश्कीको जम्मा व्याज आम्दानीको दुई-तिहाई कार्मचारी कल्याण कोषमा योग्दान गदर्छ र बाँकी एक-तिहाई विविध आम्दानीको रुपमा लेखाङ्कन गर्दछ।

**३. दीर्घकालीन सापटी**

दीर्घकालीन सापटी व्याज दर मुक्तमा पांच वर्ष स्थायी सेवा गरिसकेका कर्मचारीलाई बढीमा सात वर्षको खाइपाई आएको तलव बराबरको रकममा नबढ्ने गरी समितिले तोकेबमोजिमको रकम सापटी स्वरुप २० वर्षमा चुक्ता हुने गरी प्रवाह गरिन्छ।

यस प्रकारीको सापटी वित्तीय स्थितिको विवरणमा सापटीको भुक्तानी बापत भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई बजारमा प्रचलित ९.५ % ब्याजदरले Discounting गरी आउने फेयर मूल्यमा मापन गरिएको छ र कर्जाको किताबी मूल्य तथा फेयर मूल्यको फरकलाई स्थगन कर्मचारी खर्च (Deferred Employee Expenditure) को रुपमा पहिचान गरी कर्जा अवधिमा परिशोधन गर्दै व्याज आम्दानीको रुपमा लेखाङ्कन गरिएको छ।

**२.१४. पट्टा** (NFRS 16)

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले उद्योगहरुलाई बहालमा संचालन गर्न दिएको जग्गा तथा भवन पट्टा हो (वा यसले पट्टा समावेश गर्दछ) भन्ने निर्धारण पट्टाको सुरुवातमा गरिएको वास्तविक व्यवस्थाको आधारमा गर्दछ । (i..e. based on substance of arrangement at the inception of lease.) पट्टा सम्झौता अर्न्तगत लेसरले पट्टेदारले गर्ने भुक्तानी वा भुक्तानीहरुको श्रृखलाको बदलामा पट्टेदारलाई निर्दिष्ट समयको लागि सम्पत्ति प्रयोग गर्ने अधिकार दिन्छ ।

**कम्पनी पट्टेदारको रुपमा**

पट्टालाई Fair Value वा Present Value of Minumum Lease payment मध्येको कम हुने रकममा पूजीकरण गरी पट्टा अवधिको सुरुवातमा पट्टा सम्पत्तिको रुपमा खुलासा गर्दछ । त्यस्ता पट्टा अन्तर्गत गरिने भुक्तानीलाई निर्हित प्रतिफल दर (Implicit rate of return) को आधारमा वित्त शुल्क र पट्टा दायित्व बिच छुट्याइन्छ । Qualifying asstes सँग योग्य वा सम्बन्धित बाहेक अरु वित्त शुल्कलाई वित्त लागत अर्न्तगत नाफा र नोक्सनी विवरणमा मापन गरिन्छ । आकस्मीक भाडा (Contingent Rent) लाई खर्च भएकै समयमा खर्चको रुपमा लेखाङ्कन गरिन्छ । साथै पट्टामा लिइएका सम्पतिहरुलाई तिनिहरुको उपयोगि आयु भित्र ह्रास कट्टि गरिन्छ । तर यदि पट्टामा लिइएका सम्पतिहरुको स्वामित्तव कम्पनीले पट्टा अवधिको अन्तयमा प्राप्त गर्ने व्यवहारिक निशचित्ता नभएमा, पुजीकरण गरिएका पट्टा सम्पतिहरु सो सम्पतिको उपयोगी आयु वा पट्टा अवधि मध्येको कम अवधिमा ह्रास कट्टी गरिन्छ ।

पट्टा-सम्पत्तिको स्वामित्वसंग जोडिएका महत्वपूर्ण अनुपातको जोखिम र लाभ लेसरसँग नै कायम रहने पट्टालाई सञ्चालन पट्टाको रुपमा वर्गीकरण गरिन्छ । सञ्चालन पट्टाको खर्चलाई नाफा नोक्सान विवरणमा खर्च देखाइन्छ।

**कम्पनी पट्टा दिनेको रुपमा (लेसर)**

कम्पनीले सम्पतिको स्वामित्वसंग जोडिएका महत्वपूर्ण अनुपातको जोखिम र लाभ स्थानान्तरण नगर्ने हुनाले सबै पट्टाहरुलाई सञ्चालन पट्टाको रुपमा वर्गीकृत गरेको छ । सञ्चालन पट्टाबाट आर्जीत बहाल रकम प्रत्येक ५ वर्षमा पुनरावलोकन गर्ने कम्पनीको नीति रहेको छ । त्यसकारण बहाल रकम लाई कमाएको वर्षमा नै आम्दानी जनाउने गरिएको छ ।

रिपोटिङ्ग अवधिमा कम्पनीले पट्टेदारको रुपमा वित्त पट्टा पहिचान गरेको छैन ।

**२.१५. विदेशी मुद्राको कारोबार**

कम्पनीको कार्यात्मक मुद्रा नेपाली रूपैया हो जसले संचालन गर्ने आर्थिक वातावरणको मुद्रालाई प्रतिनिधित्व गर्दछ । विदेशी मुद्राहरुको कारोबारलाई कारोबार मितिको विदेशी विनिमय दरमा कम्पनीनको कार्यात्मक मुद्रामा अनुवाद गरिएको छ ।

विदेशी मुद्रामा लेखांकन गरिएको मौद्रिक सम्पत्ति र दायित्वहरुलाई कार्यात्मक मुद्रामा अन्तिम मितिको विदेशी विनिमय दरमा अनुवाद गरिन्छ । अवधिको सुरुवातमा कार्यात्मक मुद्रामा देखाईएको अपलेखित लागत र वित्तीय विवरणको अन्तिमको विनियम दरले अनुवाद गरिएको अपलेखित लागतको भिन्नता नै मौद्रिक सम्पत्ति र दायित्वमा भएको विदेशी विनिमय नाफा/नोक्सान हो जसलाई नाफा नोक्सानी विवरण अर्न्तगत मान्यता दिइन्छ।

गैर-मौद्रिक वस्तुहरु, जसलाई विदेशी मुद्रामा ऐतिहासिक लागतमा मापन गरिन्छ, त्यसलाई प्रारम्भिक कारोबार भएको मितिको विनिमय दर प्रयोग गरी अनुवाद गरिन्छ । विदेशी मुद्रामा फेयर मूल्यमा मापन गरिएका गैर-मौद्रिक वस्तुहरुको अनुवाद फेयर मूल्य निर्धारण भएको मितिको विनिमय दर प्रयोग गरी गरिन्छ ।

सबै विदेशी मुद्राको लाभ र नोक्सानलाई नाफा/नोक्सान विवरणमा खुद आधार (Net Basis) मा प्रस्तुत गरिन्छ ।

२.१६. **आयकर**

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ। इक्विटींमामा भएको परिवर्तन सम्बन्धिको विवरण तथा अन्य विस्तृत नाफा नोक्सान खातामा प्रस्तुत हुने कारोबारमा सृजित स्थगन करलाई अन्य विस्तृत नाफा नोक्सान खातामै प्रस्तुत गरिएको छ।

**चालु कर (Current Tax)**

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नु पर्ने आयकर रकम हो। आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वित्तीय स्थितिको विवरण मितिमा लागु भएका दर हुन्। सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानि २५% का दरले कर गणना गरिएको छ।

चालु कर सम्बन्धी अन्य जानकारी अनुसूची १९ मा प्रस्तुत गरिएको छ।

**स्थगन कर (Deferred Tax)**

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा कर कानुनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वित्तीय विवरणमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रुपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति (वा दायित्वमा) हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय (वा स्थगन कर खर्च को रुपमा लेखाङ्कन गरिन्छ। स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिदैंन।

स्थगन कर सम्बन्धी अन्य जानकारी अनुसूची १२ मा प्रस्तुत गरिएको छ।

२.१७. **व्यवस्था, आकस्मिक सम्पत्ति/ दायित्व (Provisions, Contingent assets/liabilities)**

कम्पनीनले सम्भावित दायित्वहरुको पहिचान तथा लेखाङ्कन NAS 37 – Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ।

विगतमा भएका घटनाहरुको कारण औद्योगिकक्षेत्र व्यवस्थापन लिमिटेडको वर्तमान कानुनी तथा निर्मित दायित्व छ र जसको सजिलै अनुमान लगाउन सकिन्छ र दायित्व राफसाफ गर्न आर्थिक लाभ बाहिरिन्छ भन्ने सम्भावना हुन्छ भने ती दायित्वहरुका निम्ती व्यवस्था लेखाङ्कन गरिन्छ।

आकस्मिक दायित्वको खुलासा गरिन्छ यदि सम्भावित दायित्व वा वर्तमान दायित्व हुन सक्छ तर सम्भवतः श्रोतहरु बाहिरिने आवश्यकता हुदैन। साथै यदि सम्भावित दायित्व वा वर्तमान दायित्व छ जसको बारेमा स्रोतको बाहिरिने सम्भावना न्यून (remote) छ भने कुनै पनि व्यवस्था र खुलासा गरिदैन।

आकस्मिक सम्पत्तिहरू आर्थिक लाभहरू हुने सम्भावना भएको खण्डमा सम्बन्धित अनुसूचीमा खुलासा गरिन्छ।

Onerous सम्झौता व्यवस्थाको लेखाङ्कन त्यस बखत गरिन्छ जब कम्पनीले सम्झौताबाट प्राप्त गर्ने लाभभन्दा सम्झौता पालना गर्न लाग्ने (अर्थातः रोक्न नसकिने) खर्च बढी हुन्छ।

रिपोटिङ्ग अवधिमा कम्पनीले विगतमा भएका घटनाहरुको कारणले सृजित आकस्मिक सम्पत्ति कनै पनि पहिचान गरेको छैन तर आकस्मिक दायित्वको रुपमा निम्न सम्भावित दायित्वहरु पहिचान तथा खुलासा गरिएको छ।

१. **वातावरणीय प्रभाव मूल्यांकन (EIA)**

कम्पनीले मयुरधाप , मोतिपुर र नौवास्ता औद्योगिक क्षेत्र विस्तार गर्न परियोजना कार्यालय स्थापना गरेता पनि वातावरणीय प्रभाव मूल्यांकन हालसम्म स्वीकृत नभएकोले नयाँ औद्योगिकक्षेत्र विस्तार भएको छैन। हालको अवस्था हेर्दा

वातावारणीय प्रभाव मुल्यांकन सम्बन्धित निकायबाट स्वीकृति विलम्ब हुन गएमा कम्पनीलाई सम्भावित आर्थिक भार पर्न सक्ने देखिन्छ ।

**२. सम्पत्ति कर भुक्तानी सम्बन्धमा**

स्थानीय नगरपालिकाले औद्योगिकक्षेत्रको एकिकृत सम्पत्ति कर भुक्तानी गर्न अनुरोध गरेकोमा औद्योगिकक्षेत्रले नेपाल सरकारको स्वामित्वमा रहेको निकाय भएको कारण एकिकृत सम्पत्ति कर आर्कषित नहुने व्यवस्था मिलाई दिन नेपाल सरकार समक्ष अनुरोध गरेको छ । नेपाल सरकारबाट एकिकृत सम्पत्ति कर आर्कषित नहुने व्यवस्था मिलाई दिने निर्णय गर्न विलम्ब भएको हुदा कालान्तरमा सम्भावित दायित्व सृजना हुन सक्ने जोखिम देखिन्छ ।

**२.१८. कर्मचारी सुविधा**

कर्मचारीले कम्पनीलाई प्रदान गरेको सेवा बापत कम्पनीले कर्मचारीलाई प्रदान गर्ने सम्पूर्ण रकम तथा सेवा सुविधालाई कर्मचारी खर्च अन्तर्गत प्रस्तुत गरिन्छ । यस्तो खर्चलाई अल्पकालीन खर्च तथा दीर्घकालीन खर्चका रुपमा वर्गीकरण गर्न सकिन्छ । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कन NAS 19–"Employee Benefits" को प्रावधान बमोजिम निम्न अनुसारले गरिएको छ ।

- कर्मचारीले सेवा प्रदान गरिसकेको बदलामा भविष्यमा भुक्तानी गर्ने आशवासन दिएको अवस्थामा दायित्वको रूपमा मान्यता प्राप्त हुन्छ र
- कर्मचारीले प्रदान गरिएको सेवाको आर्थिक लाभ कम्पनीले लिईसकेको बखतमा खर्चको रुपमा मान्यता प्राप्त हुन्छ ।

कर्मचारी सुविधा सम्बन्धी अन्य विस्तृत जानकारी अनुसूची ३५ मा प्रस्तुत गरिएको छ ।

**अल्पकालिन प्रकृतिका कर्मचारीको सुविधा**

तलब, भत्ता, बिदा वापतको रकम भुक्तानी, नाफामा आधारित बोनस तथा आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने अन्य सुविधाहरु अल्पकालीन कर्मचारी खर्च अन्तर्गत पर्दछन् । यस प्रकृतिको खर्च कर्मचारीले सेवा प्रदान गरेकै अवधिमा नाफा नोक्सान विवणमा कर्मचारी खर्च अर्न्तगत खर्चको रुपमा लेखाङ्कन गरिन्छ ।

कम्पनीले कर्मचारीको तलब, चाडपर्व खर्च, प्रोत्साहन पुरस्कार, टेलिफोन सुविधा, उपचार खर्च, लुगा भत्ता, दुर्घटना बीमा र कर्मचारीहरुले पाउने बिदाहरु (अर्थातः सार्वजनिक विदा, भैपरी आउने बिदा, घर विदा, प्रसूती विदा, क्रिया विदा, अध्ययन विदा, प्रसूती स्याहार विदा र सट्टा विदा) अल्पकालिन प्रकृतिका कर्मचारीको सुविधा अर्न्तगत वर्गीकरण गरेको छ ।

**दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरु**

कम्पनीको नियम बमोजिम सेवाबाट निवृत्त भएपछि भुक्तानी हुने उपदान, संचयकोष आदि तथा कर्मचारीले स्वेच्छिक रुपमा सेवाबाट निवृत्त हुने निर्णय गरेमा प्रदान गरिने निवृत्ति सुविधाहरु दीर्घकालीन कर्मचारी खर्च अन्तर्गत पर्दछन ।

**१. रोजगार पछिको सुविधा (Post Employment Benefits)**

**परिभाषित योगदान योजना (Defined Contribution Plan)**

परिभाषित योगदान योजना रोजगार पछि प्राप्त हुने लाभ योजना हो जसमा कम्पनीनले कुनै निश्चित गरिएको रकम छुट्टै बैंक खाता/कोषमा योगदान गर्दछ । NAS 19 "कर्मचारी सुविधा" अनुसार यस्तो योजनामा यदि कोषले भविष्यमा कर्मचारीको दायित्व भुक्तानी गर्ने समयमा पर्याप्त सम्पत्ति नभएर भुक्तानी गर्न नसकेको अवस्थामा कम्पनीलाई सो भुक्तानी पुरा गर्न कुनै व्यय कानुनी अथावा निर्मित दायित्व सृजना हुँदैन । परिभाषित योगदान योजनामा कर्मचारीले कम्पनीलाई

R.B. Associates Jhapa Chartered Accountants

Anuj & Associates Kathmandu Chartered Accountants

दिएको सेवाको अनुपातमा रोजगारदाताले तिर्नुपर्ने योगदानलाई कर्मचारी खर्च भनेर र भुक्तानी गर्न बाँकी योगदानलाई दायित्वको रुपमा अभिलेख गरिन्छ ।

कम्पनीनले परिभाषित योगदान योजना अनुरुप संचयकोषमा कर्मचारीले खाईपाई आएको मासिक तलबको १०% रकम योगदान गर्दछ ।

**परिभाषित लाभ योजना (Defined Benefit plan)**

परिभाषित लाभ योजना अर्न्तगत परिभाषित योगदान योजना बाहेकका अन्य रोजगार पछि प्राप्त हुने सेवा सुविधाहरु पर्दछन । कम्पनीले कर्मचारी उपदान वापतको रकमलाई परिभाषित लाभ योजना अर्न्तगत राखेको छ।

कर्मचारी उपदान रकम वापतको दायित्व निर्धारण गर्न प्रत्येक वर्ष विमाङ्किक मूल्याङ्कन (Acturial Valuation) गरिन्छ । वित्तीय अवस्थाको विवरणमा परिभाषित लाभ योजनाको सम्बन्धमा पहिचान गरिएको दायित्व, परिभाषित लाभ दायित्वको, वर्तमाान मूल्यमा योजना सम्पत्तिको फेयर मूल्य घटाएर, विमाकिंक हानी/लाभ (Actuarial Gain / Loss) र विगतका सेवाको लागत समायोजन गरेर निर्धारण गरेर आएको दायित्व हो । हरेक आर्थिक वर्षको अन्त्यमा परिभाषित लाभ दायित्वलाई बिमाङ्किक (Actuary)ले "projected unit credit" विधि प्रयोग गरेर गणना गर्दछ । विमाङ्किक धारणहरु ( Actuarial assumption) को परिवर्तन र अनुभव समायोजनको कारणले आएको विमाङ्किक/लाभ हानी (Actuarial Gain / Loss) लाई अन्य विस्तृत आम्दानीमा पहिचान गरिन्छ । ब्याज लागत र वर्तमान सेवा लागतहरुलाई नाफा/नोक्सान विवरणमा पहिचान गरिन्छ ।

कम्पनीको नीति अनुसार पाचँ वर्ष वा सो भन्दा बढि सेवा गरेका स्थायी कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा नोकरिको निम्ती अयोग्य नठहरिने गरि पदबाट हटाइएमा देहायको दरले उपदान पाउनेछ:

- पाँच वर्ष देखि दश वर्षसम्म सेवा गरेका कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलव,
- दश वर्ष भन्दा बढी र पन्ध्र वर्षसम्म सेवा गरेको कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलव,
- पन्ध्र वर्ष भन्दा बढी र बीस वर्षसम्म सेवा गरेको कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलव,
- बीस वर्षभन्दा बढी र पच्चीस वर्षसम्म सेवा गरेको कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी अढाई महिनाको तलव,
- पच्चीस वर्षभन्दा बढी सेवा गरेको कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी तीन महिनाको तलव ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले Global Risk Management India बाट उपदान तथा संचित बिदाको Actuarial Valuation गराएको छ जस अनुसार उपदान तथा विदाको दायित्व मुल्यांकन गरिएको छ ।

परिभाषित लाभ योजना सम्बन्धी अन्य विस्तृत जानकारी अनुसूची २६ अर्न्तगत प्रस्तुत गरिएको छ ।

**२. समाप्ति लाभ (Termination Benefit)**

समाप्ति लाभहरु रोजगारदाता वा कर्मचारीद्वारा आफै स्वेच्छिक रोजगारी समाप्त गर्न स्वीकार गरेपछि पाउने सुविधाहरू हुन् । त्यस्ता सुविधाहरूको भुक्तानी गर्ने दायित्वलाई तब मात्र लेखाकंन गरिन्छ जब रोजगारदाताले सुविधाहरूको प्रस्ताव फिर्ता लिन सक्दैन (अर्थात्: रोजगारदाताले तिर्ने प्रतिबद्धता गरेको हुन्छ) वा जब यसले NAS - 37 बमोजिम सम्बन्धित पुनर्गठन लागत (Restructuring cost) लाई मान्यता दिन्छ ।

रिपोटिङ्ग अवधिमा कम्पनीले समाप्ति लाभ अर्न्तगतका सुविधाहरु पहिचान गरेको छैन ।

३. **अन्य दीर्घकालीन लाभ (Other Long-Term Benefits)**

अन्य दीर्घकालीन लाभ अर्न्तगत अल्पकालिन प्रकृतिका कर्मचारीको सुविधा, रोजगार पछिको सुविधा र समाप्ति लाभ वाहेकका अन्य दीर्घकालीन लाभ तथा सेवा सुविधाहरु पर्दछन् । कम्पनीले कर्मचारी विदा वापतको रकमलाई अन्य दीर्घकालीन लाभ अर्न्तगत राखेको छ ।

कर्मचारी संचित विदा रकम वापतको दायित्व निर्धारण गर्न प्रत्येक वर्ष विमाङ्किक मूल्याङ्कन (Acturial Valuation) गरिन्छ । वित्तीय अवस्थाको विवरणमा संचित विदा सम्बन्धमा पहिचान गरिएको दायित्व, परिभाषित लाभ दायित्वको, वर्तमान मूल्यमा योजना सम्पत्तिको फेयर मूल्य घटाएर, विमाकिंक हानी/लाभ (Actuarial Gain /Loss) र विगतका सेवाको लागत समायोजन गरेर निर्धारण गरेर आएको दायित्व हो । हरेक आर्थिक वर्षको अन्त्यमा परिभाषित लाभ दायित्वलाई बिमाङ्किक (Actuary)ले "projected unit credit" विधि प्रयोग गरेर गणना गर्दछ । विमाङ्किक धारणहरु (Actuarial assumption)को परिवर्तन र अनुभव समायोजनको कारणले आएको विमाङ्किक/लाभ हानी (Actuarial Gain / Loss) लाई अन्य विस्तृत आम्दानीमा पहिचान गरिन्छ । ब्याज लागत र वर्तमान सेवा लागतहरुलाई नाफा/नोक्सान विवरणमा पहिचान गरिन्छ ।

कर्मचारी संचित विदा अर्न्तगत बिरामी विदाको मात्र विमाङ्कित मूल्याङ्कन (Acturial Valuation) गरिएको छ । कम्पनीको नीति अनुसार कर्मचारीले प्रत्येक वर्ष १२ दिन पूरा तलव भत्ता पाउने गरी बिरामी बिदा पाउँदछ र जसलाई कर्मचारीले आफुले पकाएको बिरामी विदा संचित गरी राख्न पाउनेछ ।

२.१९. **आम्दानीको पहिचान (Revenue Recognition)**

कम्पनीमा आर्थिक फाईदाहरु प्रवाहित हुने सम्भावना रहेको र अम्दानीको रकम भरपर्दो रुपमा मापन गर्न सक्ने अवस्थामा आम्दानीलाई लेखाङ्कन गरिन्छ ।

अन्यथा उल्लेख भएकोमा बाहेक, कम्पनीनले आम्दानीलाई NFRS 15 Revenue from Contract with Customer को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ । औद्योगिकक्षेत्र व्यवस्थापन लिमिटेडको आम्दानीहरु निम्नबमोजिम छन्:

**पट्टा आम्दानी**

पट्टा सम्झौताको सर्तहरु अनुरुप पट्टा आम्दानीहरु प्राप्त हुने अधिकार स्थापित भए पश्चात आम्दानी जनाईन्छ । सञ्चालन पट्टाबाट आर्जीत बहाल रकम प्रत्येक ५वर्षमा पुनरावलोकन गर्ने कम्पनीको नीति रहेको छ । त्यसकारण बहाल रकमलाई कमाएको वर्षमा नै आम्दानी जनाउने गरिएको छ ।

**सेवाबाट प्राप्त हुने आय**

कम्पनीमा आर्थिक फाइदाहरु प्रवाहित हुने सम्भावना रहेको र अम्दानीको रकम भरपर्दो रुपमा मापन गर्न सक्ने अवस्था सृजना भएको खण्डमा मात्र सेवाबाट प्राप्त हुने आयलाई लेखाङ्कन गरिन्छ । सेवाबाट प्राप्त हुने आय अर्न्तगत:

- औद्योगिक क्षेत्र भित्र रहेका उत्पादन तथा गैर उत्पादन मुलुक उद्योग तथा कम्पनीहरुलाई प्रदान गरिएको विद्युत बापतको महशुल जसलाई विधुत खपतका आधारमा नेपाल विद्युत प्राधिकरणद्धारा जारी गरिएको बिजक बमोजिम छुट घटाएर मान्यता दिइन्छ र
- औद्योगिक क्षेत्र भित्र रहेका उत्पादन तथा गैर उत्पादन मुलुक उद्योग तथा कम्पनीहरुलाई प्रदान गरिएको पानी बापतको महशुल जसलाई खपतका आधारमा छुट घटाएर बिजक बमोजिम मान्यता दिइन्छ ।

**ब्याज आम्दानी**

कम्पनीले पेश्की र निक्षेपमा प्राप्त हुने ब्याज आम्दानीलाई NFRS 15 को प्रावधान बमोजिम प्रोदभावी (Accrual Basis of Accounting) पद्धतिका आधारमा लेखाङ्कन गर्ने गरेको छ ।

पृष्ठ १६

परिमार्जित लागतमा मापन गरिएको वित्तीय सम्पत्तीहरूको ब्याज आम्दानीलाई नाफा वा नोक्सानीमा प्रभावकारी ब्याज दर विधि (EIR Method) प्रयोग गरी मान्यता दिइन्छ।

प्रभावकारी ब्याज दर त्यो दर हो जसले वित्तीय उपकरणको अवधि भित्र प्राप्त हुने वा भुक्तानी गर्ने अपेक्षित नगद प्रवाहलाई आजको दिनमा डिस्काउन्टिङ्ग (discounting) गर्दा त्यो उपकरणको मूल्य प्रतिविम्बित हुन्छ।

यसरी ब्याज आम्दानी जनाउँदा कम्पनीले माथि उल्लिखित बुँदा २.८ को (क) तथा (ख) अनुसार वैकल्पिक व्यवस्थालाई अवलम्बन गरेको छ।

**सम्पती तथा उपकरणको निर्सगबाट हुने लाभ तथा नोक्सानी**

सम्पति उपकरणको निर्सगबाट हुने लाभ तथा नोक्सानीले सम्पती तथा उपकरणको किताबी मूल्य र निर्सगबाट प्राप्त आयको फरकलाई जनाउँछ। सम्पत्ति तथा उपकरणको निर्सगबाट हुने लाभ तथा नोक्सानीलाई सम्पत्तिको स्वामित्वसंग जोडिएका महत्वपूर्ण अनुपातको जोखिम र लाभ खरिददारलाई हस्तान्तरण गरेपछि मात्र अन्य संचालन खर्च अर्न्तगत लेखाङ्कन गरिएको छ।

**अन्य शुल्क**

अन्य शुल्क अर्न्तगत बोलपत्र फारम शुल्क, दर्ता दस्तुर, निर्माण शुल्क र हर्जनाहरु समावेश हुन्छन्। अन्य आय सम्बन्धि शुल्कहरुलाई नगद पद्वतिका आधारमा लेखा लेखाङ्कन गर्ने गरेको छ।

**२.२०. शेयर पूंजी र कोषहरु**

**शेयर पूंजी**

शेयर पूँजीले जारी शेयरको पार (par) मूल्यको प्रतिनिधित्व गर्दछ। शेयर जारी गर्दा लाग्ने खर्च शेयर पूँजीबाट कटौती गरी देखाइँदैन तर नाफा/नोक्सान विवरणमा देखाइन्छ। कम्पनीको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर जस्तै अग्राधिकार शेयर, Convertible Instrument आदी रहेको छैन।

**पुर्नमूल्याङ्कन कोष**

यस कम्पनीले श्रावन १ २०७५ मा गरेको लगानी उद्देश्य भएका स्थिर सम्पत्ति अन्तर्गत जग्गाको पुनर्मूल्यांकन गरि पुनर्मूल्यांकन भएको रकमलाई पुनर्मूल्यांकन कोषमा लेखांकन गरेको छ।

**२.२१. नगद प्रवाह विवरण**

औद्योगिकक्षेत्र व्यवस्थापन लिमिटेडले नगद प्रवाहको विवरण NAS 07 – Statement of Cash Flows को अप्रत्यक्ष विधि (Indirect method) अनुसार तयार गरेको छ। नगद मौज्दातमा भएको उतार चढावलाई यस विवरणले चित्रित गरेको हुन्छ। प्रस्तुत नगद प्रवाह विवरणले सो आर्थिक वर्षभरी भएको विभिन्न नगद प्रवाहलाई निम्न अनुसार प्रस्तुत गरेको छ:

- सञ्चालन कारोबारबाट भएको नगद प्रवाह
- लगानीबाट भएको नगद प्रवाह
- वित्तीय कारोबारबाट भएको नगद प्रवाह

G.R.B. Associates Chartered Accountants Jhapa

Anuj & Associates Chartered Accountants KATHMANDU

**४३. प्रष्टिकरण तथा थप जानकारी**

**४३.१. वित्तीय जोखिम प्रबन्धन (Financial Risk Management)**

कम्पनीको प्रमुख वित्तीय दायित्व अर्न्तगत सापटी र व्यापारीक तथा अन्य दायित्व समावेश छन् । यी वित्तीय दायित्वहरूको मुख्य उद्देश्य कम्पनीको पूर्वाधार विकास र कार्यसंचालन कार्यहरूमा योग्दान पुर्‍याउनु हो । कम्पनीको प्रमुख वित्तीय सम्पत्तिमा लगानी, ब्यापारी र अन्य प्राप्ति योग्य, नगद तथा नगद समान र धरौटी समावेश छन । कम्पनीसँग यसको वित्तीय उपकरणहरूको प्रयोगबाट निम्न जोखिमहरू हुने खतरा रहेको छ ।

- क्रेडिट जोखिम
- तरलता जोखिम
- बजार जोखिम

कम्पनीको व्यवस्थापनले यी जोखिमहरू व्यवस्थापन गर्ने निरीक्षण गर्दछ ।

व्यवस्थापनले कम्पनीको वित्तीय जोखिम गतिविधिहरू उचित नीति र प्रक्रियाहरूद्वारा शासित छन् र वित्तीय जोखिमहरू कम्पनीको नीति र जोखिम उद्देश्यहरू अनुरूप पहिचान, मापन र व्यवस्थित गएिको छ भन्ने कुरामा सुनिश्चित छन । साथै, संचालक समितिले उत्त जोखिमहरू नियन्त्रण गर्ने नीति र प्रक्रियाहरूको समीक्षा गर्दछन।

**क) क्रेडिट जोखिम (Credit Risk)**

सहमतिका सर्तहरु अनुसार ऋणीले तोकिएको समयमा भुक्तानी नगर्ने वा सम्झौताको पालना नगरेको कारण कम्पनीले रकम प्राप्त नगर्ने जोखिम नै क्रेडिट जोखिम हो । जोखिम व्यवस्थापन कम्पनी व्यवस्थापनको जिम्मेवारी हो र व्यवस्थापनको समग्र रणनीतिका साथ महत्वपूर्ण नीतिहरु संचालक समितिद्धारा नियमित रुपमा समीक्षा गरीएको छ । यस बाहेक, कम्पनीको व्यवस्थापनले यी नीतिहरुको अनुसार केडिट जोखिमको गुणस्तर व्यवस्थापन र नियन्त्रणको प्रक्रियाहरु राखिएको छ भनि सुनिशचित गर्न जिम्मेवार छन् । कम्पनीमा मुख्यत संचालन गतिविधि अर्न्तगत पाउनु पर्ने बहाल रकम र अन्य पाउनु पर्ने हिसाब र वित्तीय कारोबार अर्न्तगत कर्मचारीलाई प्रवाहित कर्जा र सापटीमा बढी क्रेडिट जोखिम रहेको छ ।

**पाउनु पर्ने बहाल**

वित्तीय सम्पत्तिहरू जस्तै आसामी वहाल प्राप्त गर्न बांकि रकमको Carrying Amount ले अधिकतम क्रेडिट एक्सपोजर प्रतिनिधित्व गर्दछ । क्रेडिट जोखिमको अधिकतम एक्सपोजर रिपोर्टिंग मितिमा प्राप्त गर्न बांकि रकमको विवरण निम्नलिखित छ ।

| विवरण | ८१।८२ | ८०।८१ |
|---|---|---|
| आसामी वहाल महशुल | ८५७,५७४,८४६ | ८३६,६८९,६४९ |

उक्त बहाल महसुलको बक्यौता रहेको क्रम अनुसारको विवरण निम्ननुसार छन्

| विवरण | ८१।८२ | ८०।८१ |
|---|---|---|
| एक बर्ष म्याद ननाघेकोको असामी | २५४,७४९,७९४ | ७,४६,६३,४९७ |
| एक बर्ष भन्दा बढी तर दुई बर्ष म्याद ननाघेकोको असामी | ५०९,६०५,११९ | २८,९०१,०४५ |
| दुई बर्ष भन्दा बढी तर तिन बर्ष म्याद ननाघेकोको असामी | ४०,२२०,७१४ | १६,६८४,०३९ |
| तिन बर्ष भन्दा बढी तर चार बर्ष म्याद ननाघेकोको असामी | ११,२४१,६६२ | ११,३०५,०७८ |
| चार बर्ष भन्दा बढी तर पाच बर्ष म्याद ननाघेकोको असामी | ८,६२१,३१९ | ७,६४७,१८२ |

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

प्रष्टिकरण तथा थप जानकारी

| | | |
|---|---|---|
| पाच बर्ष भन्दा बढी तर छ बर्ष म्याद ननाघेकोको असामी | ७,४४७,९४० | ७,१९०,१३५ |
| छ बर्ष भन्दा बढी म्याद नाघेको आसामी | २५,६८८,२९८ | १८,३२८,६७४ |

**अन्य पाउनु पर्ने हिसाब**

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको अधिकाशं रकम मान्यता प्राप्त कर्मसियल बैकं तथा वित्तीय कम्पनीसगँ रहेको कारण कम्पनीलाई अन्य पाउनु पर्ने हिसाबको क्रेडिट जोखिम रहेको छैन ।

त्यसैगरी, कर्मचारीलाई प्रदान गरिएको पेश्की रकम मासिक रुपमा तलब बाट कट्टा गर्ने गरिन्छ र यदि कर्मचारीबाट कुनै रकम नउठने देखिएमा सो रकम उत्त कर्मचारीको सेवा समाप्त हुने समयमा प्रदान गरिने सुविधा काट कट्टा गर्ने गरिएको छ सो कारण कम्पनीलाई क्रेडिट जोखिम रहेको छैन ।

**ख) बजार जोखिम**

बजार जोखिम बजारको मूल्यमा परिवर्तन हुने जोखिम हो । यसले कम्पनीको आय वा वित्तीय उपकरणहरूको मूल्यलाई असर गर्दछ । बजार जोखिम व्यवस्थापनको उद्देश्य, स्वीकार्य प्यारामिटरहरू भित्र रहि नाफा अनुकूलन गर्नु र बजार जोखिम खताराहरू प्रबन्धन र नियन्त्रण गर्नु हो । बजार जोखिम अर्न्तगत ब्याजदर जोखिम र परिचालन जोखिम समावेश छन ।

**ब्याजदर जोखिम**

ब्याज दर जोखिम त्यस्तो जोखिम हो जसकारण फेयर मूल्य वा वित्तीय उपकरणको भविष्यको नगद प्रवाह बजार ब्याज दरहरुमा भएको परिवर्तनको कारण उतार चढाव हुन्छ । कम्पनीको अधिक लगानी Fixed Deposit मा रहेकोले गर्दा ब्याजदर बढदा ब्याज आम्दानी बढने र विपरित अवस्थामा सोही अनुपातमा घटने हुन्छ । नेपालमा हाल कायम रहेको आर्थिक मन्दीका कारण हालै बजार ब्याज दर घटेको छ र आगामी दिनहरुमा यदि यसको रोकथामको कुनैपनि औपचारिक विकल्प ननिस्केकाले यसले अर्थतन्त्रमा गह्रिरो प्रभाव पार्ने देखिन्छ । जसकारण आउने वर्षमा ब्याज दर जोखिम अधिक हुने देखिन्छ ।

**संचालन जोखिम**

संचालन जोखिम भनेको कम्पनीनको प्रक्रिया, कर्मचारी, प्रविधि र पूर्वाधार, र क्रेडिट, बजार र तरलता जोखिम बाहेक बाह्य कारकसँग सम्बन्धित विभिन्न प्रकारका कारणहरू जस्तै कानूनी र नियामक आवश्यकताहरू र सामान्यतया कर्पोरेट व्यवहारको स्वीकार्य मानकहरूबाट उत्पन्न हुने प्रत्यक्ष वा अप्रत्यक्ष घाटाको जोखिम हो । परिचालन जोखिम कम्पनीनको सबै गतिविधिहरूबाट उत्पन्न हुन्छ ।

कम्पनीनले परिचालन जोखिम आन्तरिक प्रक्रियाहरुको मानकीकरण र अनुगमन संयन्त्रहरुको माध्यमबाट गर्ने गरेको छ ।

**ग) तरलता जोखिम**

तरलता जोखिम यस्तो खतरा हो जुन कम्पनीनले यसको वित्तीय दायित्वहरूसँग सम्बन्धित आफ्नो दायित्व पूरा गर्न सामना गर्नुपर्नेछ । तरलताको प्रबन्ध गर्न कम्पनीनको दृष्टिकोण भनेको यो सुनिश्चित गर्नु हो कि यससँग दायित्व पूरा गर्न पर्याप्त रकम हुनेछ । यसको लागि व्यवस्थापन दुबै सामान्य र तनावपूर्ण अवस्थाको विचार गर्दछ । हाम्रो नगद प्रवाहमा एक महत्वपुर्ण कमीले सम्भावित व्यवसायको निरंतरता जोखिम सिर्जना गर्न सक्दछ।

**२०७५ श्रावण १ गते देखि लागु हुने गरी पुनरावलोकन गरिएको जमिन बहाल आम्दानी**

- सञ्चालक समितिले मिति २०७५/०८/०५मा बसेको ५२४औ बैठकको निर्णय नं. १९१५ बाट मिति २०७५

श्रावण १ गतेदेखि लागु हुने गरी लिमिटेडका १० वटै औद्योगिक क्षेत्रहरुको जमिन बहाल दर पुनरावलोकन भएको ।

- भाडादर पुनरावलोकन गर्ने निर्णय उपर असहमत जनाउदै नेपाल औद्योगिक क्षेत्र उद्योग महासँघ र उद्योगसंघले लिखितरुपमा माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीज्यू समक्ष पेश निवेदनका सम्बन्धमा मन्त्रीज्यूको निजी सचिवालयको मिति २०७५/०८/०९ पत्रबाट उक्त भाडा वृद्धि गर्ने निर्णय हाललाई कार्यान्वयन नगर्न/नगराउन माननीय मन्त्रीज्यूको आदेशानुसार अनुरोध भई आएको ।
- माननीय मन्त्रीज्यूको निजी सचिवालयको पत्रको आधारमा संचालक समितिको मिति २०७५/१०/०१ गते बसेको ५३६ औ बैठकको निर्णय नं १९५४ बाट ५२४ औ बैठकको निर्णय यथास्थितिमा राख्ने निर्णय भएको ।
- नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०७८/०६/१५ को पत्रबाट लिमिटेडको भाडादर निर्धारण गर्ने सम्पूर्ण अधिकार संचालक समितिमा रहेको व्यहोरा उल्लेख भई आएको।
- मन्त्रालयको पत्र तथा उपसमितिको प्रतिवेदनमा उल्लेखित सुझावहरुलाई आधार मानी संचालक समितिको २०७९/०३/२२ को ६५२औ बैठकबाट साविकको निर्णय नं १९१५ कार्यान्वयन गर्न व्यवस्थापनलाई निर्देशन जारी भएको ।
- संचालक समितिको २०७९/०३/२२ को ६५२औ बैठकको निर्णय उपर असहमति जनाउदै नेपाल औद्योगिक क्षेत्र उद्योग महासँघले पाटन उच्च अदालतमा र पोखरा औद्योगिक क्षेत्र उद्योग सँघले पोखरा उच्च अदालतमा मुद्धा दर्ता गरेकोमा पोखरा उच्च अदालत मिति २०८०/०५/०५ को आदेशलाई आधार मानी संचालक समितिको मिति २०८०/०६/१५ को ६९९औ बैठकको निर्णय नं.२३५८ र मिति २०८१/०८/१९२० गते बसेको ४७।२०८१।८२ बैठकबाट साविक वृद्धि भएको भाडादर संशोधन सहित कार्यान्वयन भएको र पाटन उच्च अदालतबाट रिट खारेज भएको आधारमा ९ नौ वटा औद्योगिक क्षेत्रहरुमा साविक वृद्धि भएकै भाडादर कार्यान्वयन गर्ने संचालक समितिको निर्णय अनुसार २०७५ श्रावण १ देखि २०८१ आषाढ सम्मको जग्गा बहाल आम्दानी आ.व.२०८०/८१ को आयमा समावेश गरिएको थियो ।
- पाटन उच्च अदालतबाट रिट खारेज भएको आदेश उपर चित्त नबुझाई उद्योग महासँघले सोहि मिति २०८१/०३/१२ गते मुद्धा दोहरयाईपाउँ भनि सम्मानित सर्वोच्च अदालतमा मुद्दा (081-CI-0471) दर्ता गरेकोमा सो सम्बन्धमा सम्मानित अदालतबाट मिति २०८१/०७/२३ मा दोहोर्याई हेर्न पाउने अनुमतीको निस्साको आदेश भएको र सम्मानित सर्बोच्च अदालतबाट मिति २०८१/१२/१२ मा फैसला भइ मिति २०७५/०८/०५ मा भएको भाडा वृद्धि गर्ने निर्णय मिति २०७९/०३/२२ देखि कार्यान्वयन गर्ने परमादेश भएको छ। सर्वोच्च अदालतको मिति २०८१/१२/१२ को फैसला सम्वन्धमा संचालक समितिको मिति २०८२/९/२५को बैठकबाट फैसला पुनरावलोकन लागि सम्मानीत सर्वोच्च अदालतमा निवेदन दिने निर्णय भएको हुँदा मिति २०७५/४/१ देखि वृद्धि भएको जमिन बहाल वापतको आम्दानी समायोजन भएको छैन ।

४३.२. **कर्मचारी बोनस**

बोनस वितरण गर्न स्वीकृति माग गर्ने सिलसिलामा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प.सं.स २०७९/८० च.नं.१३७ मिति २०८०/०१/२५ को पत्रका साथ अर्थ मन्त्रालय प:सं.स/च.नं:६८० मिति २०८०/०१/०३ को पत्रबाट यस लिमिटेडलाई एकाधिकार संस्था मान्ने गरी नेपाल सरकार (राजश्व सचिवस्तर) को मिति २०७९/०९/१९ मा निर्णय

पृष्ठ

भएकोले बोनस ऐन, २०३० को दफा ५,६,७ र बोनस नियमावली,२०३९ को नियम ६ को उपनियम २ बमोजिम हुन लेखी आएकोले यस लिमिटेडको आ.व.२०८१/८२ को खुद मुनाफाको १ प्रतिशतले हुने रकम बोनस वापतको व्यवस्था गरिएको छ ।

विगत आ.व.२०७३/७४ देखि २०७६/७७ सम्मको बोनस वितरण माग गर्ने सम्बन्धमा कर्मचारी संघले उच्च अदालत पाटनमा दायर गरेको रिट निवेदन (रिट नं ०७९-**WO**-०५८८) र सो मुद्दाको फैसला कार्यान्वियन सम्बन्धी अवहेलनाको मुद्दा (रिट नं. ०७९-**FJ**-०१३१) उपर मिति २०८०/०२/३१ मा अदालतबाट अन्तिम फैसला भएकोमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको तर्फबाट सम्मानित सर्वोच्च अदालतमा दोहोर्याई पाँउ को निवेदन (०७९-**RI**-१६०७) निवेदन गरेको र सो निवेदन उपर अन्तिम फैसला भई आएको बखत हुने गरी हाललाई अर्थ मन्त्रालयको मिति २०८०/०१/०३ को निर्णय बमोजिम प्रचलित बोनस ऐन,२०३० तथा नियावली,२०३९ को प्रक्रिया पुरा गरी बोनस वितरण गर्न उद्योग मन्त्रालयको मिति २०८०/०५/२२ को पत्रबाट लेखि आएको र सञ्चालक समितिको मिति २०८०/०७/१३ मा बसेको ७०१ औ बैठकबाट अदालतको अन्तिम फैसला भएपछि पुन पेश गर्ने निर्णय भएको छ।

### ४३.३. सम्बन्धित व्यक्तिको खुलासा (Related Party Disclosures)

कम्पनीले व्यवसाय संचालनको क्रममा पार्टीहरूसँग गरिएको कारोबारलाई NAS 24 'सम्बन्धित पार्टीको रूपमा परिभाषित गरेको छ। सम्बन्धित व्यक्तिसँगको कारोबरलाई arm length basis लेखाङ्कन गरिन्छ ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले यसका संचालक समिति, र प्रमुख व्यवस्थापकहरु NAS 24 को आवश्यकता अन्तर्गत सम्बन्धित व्यक्तिहरुको रुपमा पहिचान गर्दछ। औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका, सम्बन्धित व्यक्तिहरु तल सुचीबद्ध छन्:

| नाम | सम्बन्ध |
|---|---|
| श्री बाबुराम पन्त | अध्यक्ष (२०८१।४।१ देखि २०८२।३।३२) |
| श्री प्रकाश आचार्य | सदस्य, उप-सचिव, उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय (२०८१।४।०१ देखि २०८१।५।११) |
| श्री सिता निरौला फुयाल | सदस्य, उप-सचिव, उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय (२०८१।५।१२ देखि २०८२।३।३२) |
| श्री बोलराज आचार्य | सदस्य, उप सचिव,अर्थ मन्त्रालय (२०८१।४।१ देखि २०८१।५।३०) |
| श्री केशव कुमार उप्रेती | सदस्य, उप सचिव, अर्थ मन्त्रालय (२०८१।५।३१ देखि २०८१।९।१०) |
| श्री सुदिश कुमार अर्याल | सदस्य, उप सचिव,अर्थ मन्त्रालय (२०८१।९।११ देखि २०८२।३।३२) |
| श्री अनुप ढुँगाना | सदस्य, सि.डि.ई., ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय (२०८१।४।१ देखि २०८२।३।३२) |
| श्री रामहिरा पाठक | सदस्य, अध्यक्ष/प्रतिनिधि नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघ (२०८१।४।१ देखि २०८१।११।२३) |
| श्री एजाज आलम | सदस्य, अध्यक्ष/प्रतिनिधि नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघ (२०८१।११।२४ देखि २०८२।३।३२) |
| श्री पदम ओली | सदस्य,सचिव/महाप्रबन्धक (२०८१।४।१ देखि २०८२।३।३२) |

G.R.B. Associates Jhapa

Anuj & Associates Chartered Accountants Kathmandu

**क) प्रमुख व्यवस्थापक व्यक्तिहरु (Key Management Personnel)**

प्रमुख व्यवस्थापक व्यक्तिहरु भन्नाले त्यस्ता व्यक्तिहरुलाई बुझिन्छ जोसँग कम्पनीनको योजना निर्माण, गतिविधिहरु निर्देशित र नियन्त्रण गर्ने प्रत्यक्ष वा अप्रत्यक्ष अधिकार र दायित्व रहेको हुन्छ । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको संचालक समिति र प्रमुख कार्यकारी अध्यक्षलाई प्रमुख व्यवस्थापक व्यक्तिहरुको रुपमा प
हिचान गरिएको छ ।

**ख) संचालक समितिका सदस्य भत्ता र सुविधा**

संचालक समितिका सबै सदस्यहरु गैर कार्यकारी निर्देशक हुन् । निर्देशकहरुलाई संचालक समितिको बैठक र अन्य संचालक समिति स्तरीय समितिहरुमा उपस्थिति भए अनुसारको बैठक भत्ता भुक्तानी गरिन्छ । संचालक समितिका सभापति र सदस्यलाई बैठकमा सहभागी भए वापत प्रत्येक बैठक रु. २,००० भुक्तानी गरिन्छ भने अन्य व्यवस्थापन तहका सदस्यहरुलाई प्रति बैठकमा उपस्थिति वापत रु.१,५०० प्राप्त गर्दछन् । यस बर्ष बैठक भत्ता र सुविधा वापत रु. ८,८६,००० भुक्तानी भएको छ ।

**ग) महाप्रबन्धकको तलब, भत्ता र सुविधाको विवरण**

महाप्रबन्धक पदम ओलीज्यूलाई आर्थिक वर्षमा प्रत्येक महिना दिइने तलब, भत्ता र सुविधा भुक्तानी तल प्रस्तुत गरिएको छ ।

| विवरण | रकम (रु) |
|---|---|
| प्रति महिनाको तलब | ७२,०८२ |
| प्रति महिना अन्य सुविधा | २३,६६२ |
| **जम्मा** | ९५,७४४ |

४३.४. **रिपोटिंग अवधि पछिको घटनाहरु**

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले रिपोटिंग अवधिको समाप्ति पछि हुन सक्ने समायोजन योग्य र/वा गैर समायोजन घटनाहरु निरिक्षण र मुल्यांकन गर्दछ ।

**प्रस्तावित वितरण (लाभांश)**

यस वर्ष २०८१/८२ को औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको संचालक समितिले प्रस्ताव गरेको वितरण .... प्रतिशत नगद लाभांश हो ।

G.R.B. Associates Chartered Accountants Jhapa

Anuj & Associates Chartered Accountants Kathmandu

# NEPAL
## INDUSTRIAL DISTRICT LOCATION



# लिमिटेड अन्तर्गत सञ्चालनमा रहेका शाखा कार्यालयहरु



### बालाजु औद्योगिक क्षेत्र
काठमाडौं, नेपाल
फोन नं.: ०१-४९५०८५१,४९५०५२०, Mob.: 9851273356
e-mail: balaju@idm.org.np



### हेटौडा औद्योगिक क्षेत्र
मकवानपुर, नेपाल
फोन नं.: ०५७-४१२२०९,४१२६६५,४१२५५७, Mob.: 9851273359
e-mail: hetauda@idm.org.np



### पाटन औद्योगिक क्षेत्र
ललितपुर, नेपाल
फोन नं.: ०१-५५२१६२७, ५५२१३६७, Mob.: 9851273357
e-mail: patan@idm.org.np



### भक्तपुर औद्योगिक क्षेत्र
भक्तपुर, नेपाल
फोन नं.: ०१-६६१००९९,६६११२९९, Mob.: 9851273358
e-mail: bhaktpur@idm.org.np



### पोखरा औद्योगिक क्षेत्र
कास्की, नेपाल
फोन नं.: ०६१-५७०२०५, ५७६०३३, Mob.: 9851273360
e-mail: pokhara@idm.org.np



### धरान औद्योगिक क्षेत्र
सुनसरी, नेपाल
फोन नं.:०२५-५७३४३१,०२५५७०३३१, Mob.: 9851273362
e-mail: dharan@idm.org.np



### बुटवल औद्योगिक क्षेत्र
रुपन्देही, नेपाल
फोन नं.: ०७१-५४०२८५, ५४०५८५, Mob.: 9851273361
e-mail: butwal@idm.org.np



### गजेन्द्रनारायणसिंह औद्योगिक क्षेत्र
सप्तरी, नेपाल
फोन.नं.: ९८५१२७३३६५, Mob.: 9851273365
e-mail: gnsingh@idm.org.np



### नेपालगञ्ज औद्योगिक क्षेत्र
बाँके, नेपाल
फोन नं.:०८१-५३०१५६, ५३०३१७, Mob.: 9851273363
e-mail: nepalgunj@idm.org.np



### वीरेन्द्रनगर औद्योगिक क्षेत्र
सुर्खेत, नेपाल
फो नं.: ०८३-५२०१२९,५२०१३०, Mob.: 9851273364
e-mail: birendranagar@idm.org.np